**दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोग लाग्न सक्छ ।

त्यसैले:

- खोला, धारा वा मूलको पानी सीधैं नपिऔं।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभए शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानी सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० भदौ ०८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 25 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०७

## एक वर्ष नबित्दै बारामा दुईवटा बस दुर्घटनामा २५ जनाको मृत्यु

प्रस, निजगढ, ७ भदौ/

कालोपत्रे सडक काल हो कि गन्तव्य पुग्ने सहज मार्ग । सवारीसाधनमा गन्तव्यमा जाने जो कोही यात्रीहरू पनि सायद मनमनै सोच्न विवश हुन्छन्। पूर्व-पश्चिम महेन्द्र राजमार्ग भनिए पनि राजमार्गका सडक, पुल, पुलेसाहरूको अवस्था कस्तो हुनुपर्छ भन्ने यथार्थतालाई अहिलेसम्म पनि सरकारले गम्भीरतापूर्वक व्यवस्थित गर्न ध्यान दिएको पाइँदैन । राजमार्गका सडकमा बर्सेनि वर्षात्को बेला सडक बीच र किनारामा गहिरा खाल्डाखुल्डीहरू परेका हुन्छन्। यसको बेलैमा मरम्मतसम्भारमा सरोकारवाला निकायहरू सडक डिभिजन कार्यालय र पुल विभाग कार्यालयको ध्यान पटक्कै गएको पाइँदैन । त्यसैले दुर्घटनाका विभिन्न कारणहरूमध्ये यी प्रमुख र सहायक दुवै कारण बन्न सक्ने अवस्थालाई नकार्न सकिंदैन ।





१) गएराति चुरियामाईनजीक पल्टिएको रात्रिबसबाट यात्रीहरूको उद्धार गर्दै प्रहरी । तस्वीरः जीतलाल श्रेष्ठ

बारामा पछिल्लो दुईवटा यात्रुवाहक बस दुर्घटनामा २५ जनाले ज्यान गुमाएका छन् भने ५० जनाभन्दा बढी यात्री गम्भीर घाइतेसँगै शारीरिक अङ्गभङ्ग भएका छन्।

२०८० भदौ ७ गते बिहीवार राति करीब २:३० बजे रात्रिबस पल्टिंदा छजनाको घटनास्थलमा र एकजनाको उपचारको क्रममा गरी सातजनाको मृत्यु भएको छ भने, तीनजना गम्भीरसहित १९ जना घाइते भएका जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ । काठमाडौंबाट जनकपुरतर्फ आउँदै गरेको मधेस प्रदेश ०३-००१-ख ७९९४ नम्बरको यात्रुवाहक रात्रिबस पल्टिंदा बसमा सवारमध्ये सातजनाको मृत्यु भएको मधेस प्रदेश ट्राफिक व्यवस्थापन कार्यालय, पथलैया, बाराले जनाएको छ । पूर्व-पश्चिम महेन्द्र राजमार्गको अमलेखगंज–हेटौंडा सडकखण्डको बारास्थित चुरियामाई मन्दिरदेखि करीब एक सय मिटर दक्षिण सो दुर्घटना भएको जनाइएको छ। सो बस सडकबाट करीब १२ मिटर तल चुरिया खोलामा खस्दा बसमा सवार सातजना यात्रीको मृत्यु हुन गएको हो ।



गएराति चुरिया खोलामा पल्टिएको रात्रिबस ।

सो दुर्घटनामा परी मृत्यु हुनेमा महोत्तरी लोहारपट्टी बस्ने ४१ वर्षीय विजयलाल पण्डित, भारत राजस्थान बस्ने ६७ वर्षीय बहादुर सिंह, भारत राजस्थान बस्ने ६५ वर्षीया मीरा देवी, पहिचान नखुलेका एकजना पुरुष र तीनजना महिला गरी सातजनाको मृत्यु भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पथलैयाले जनाएको छ ।

सो रात्रिबस दुर्घटना भएको जानकारी पाउनासाथ ट्राफिक प्रहरी, नेपाल प्रहरीको टोली घटनास्थलमा पुगी घाइतेहरूको तत्कालै उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ । सो दुर्घटनामा तीनजना गम्भीर घाइतेसहित १९ जना घाइतेको हेटौंडास्थित सरकारी अस्पतालमा उपचार भइरहेकामा दुईजना घाइते डिस्चार्ज भएका बारा प्रहरीले जनाएको छ ।

रातभरि अविरल वर्षा, सो सडक क्षेत्र पहाडी भूगोल भएकोले पनि घटनास्थल पुगेका सुरक्षाकर्मीहरूलाई घाइते यात्रुहरूको उद्धार गर्न कठिनाइ भएको उद्धारमा खटिएका सुरक्षाकर्मीहरूले बताए। सो दुर्घटना के कति कारणले भएको हो भन्ने अहिले यकीन नभएको मधेस प्रदेश ट्राफिक व्यवस्थापन कार्यालयले जनाएको छ ।

सो बसका चालक र सहचालक प्रहरीको सम्पर्कमा आइसकेकाले अनुसन्धान भइरहेको जिप्रका, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए ।



दश महीनाअघि अमलेखगंजको तीन नम्बर पुलको मोडबाट झरेको बस ।

अहिलेसम्मका सवारीसाधन दुर्घटनामा मानवीय त्रुटि, यान्त्रिक गडबडी, ट्राफिक नियमको उल्लङ्घन, अनूकुल मौसम, सडकको अवस्था, छाडा चौपाया, वन्यजन्तु सडक वारपार गर्दालगायतका कारणहरू पाइएका नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पथलैयाका ट्राफिक प्रहरी उपरीक्षक सन्तोष भट्टराईले बताए।

त्यसैगरी, गत वर्ष २०७९ असोज २१ गते बिहान बाराको अमलेखगंजस्थित तीन र चार नम्बर पुलबीचको मोडमा रात्रिबस सडकबाट करीब ३० मिटर तल खस्दा घटनास्थलमा आठजना र उपचारका क्रममा १० जना गरी १८ जनाको मृत्यु भएको थियो। हेटौंडाबाट पथलैयातर्फ आउँदै गरेको त्यस बस बाग्मती प्रदेश ०६-००१ ख ०११० नम्बरको थियो । बसमा करीब ५० जना सवार थिए ।

सवारीसाधन दुर्घटना बढेपछि नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयको अग्रसरतामा राजमार्गस्थित अमलेखगंज सडकमा दक्ष मेकानिक टोली, चालकहरूको स्वास्थ्य चेकजाँचसम्बन्धी क्याम्प नै सञ्चालन गरी दुर्घटना न्यूनीकरणको प्रयास भएको थियो। तर पनि गम्भीर प्रकृतिको दुर्घटना अझै रोकिएको छैन।

दुवै दुर्घटना बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२२ स्थित अमलेखगंजको पहाडी र भिरालो क्षेत्रमा भएको हो । मधेस प्रदेशभित्रका राजमार्ग र भित्री सडकहरूमा दुर्घटनाको अवस्था गम्भीर बन्दै गइरहेको देखिन्छ ।

## जसपा पर्सामा गुटको लडाइँ पुनः शुरू सन्देशसभाको तयारी पूरा

प्रस, वीरगंज, ७ भदौ/

वीरगंजमा भोलि हुने समाजवादी मोर्चा नेपालको सन्देशसभा कार्यक्रमको विषयलाई लिएर जनता समाजवादी पार्टी नेपाल पर्सामा पुनः गुट-उपगुटको लडाइँ शुरू भएको छ ।





अनमोल पार्टी प्यालेसमा भएको भेला । तस्वीरः प्रतीक

देशका सातवटै प्रदेशमा सन्देशसभाको आयोजना हुने मोर्चाले जनाएको छ । भोलि वीरगंजमा हुने सन्देशसभालाई सफल बनाउन जसपा, पर्साको संयोजकत्वमा अन्य दल समितिमा रहनेगरी तयारी समिति पनि गठन भइसकेको छ । तर भोलि हुने सन्देशसभामा व्यापक सहभागिता जनाउन अहिले जसपामा दुई गुट देखा परेका छन् ।

जसमध्ये एउटा गुटले आज अनमोल पार्टी प्यालेसमा भेलाको आयोजना गरेको छ । जसमा मुख्य अतिथि सांसद तथा पूर्वमन्त्री प्रदीप यादव र वीरगंज महानगरका प्रमुख राजेशमान सिंह रहेका थिए ।

त्यसैगरी, अर्को समूहको बैठक पूर्वमुख्यमन्त्री लालबाबूराउत गद्दीको घरमा सम्पन्न भएको छ ।



पूर्वमुख्यमन्त्री गद्दीको निवासमा भएको भेला ।

गद्दीको घरमा भएको भेलामा मोर्चासँग आबद्ध सबै दलका नेताहरूको सहभागिता थियो । यस विषयमा जसपाका जिल्ला अध्यक्ष रामनरेश यादवले जसपाको केन्द्रीय कार्यालयले पठाएको पत्र अनुसार निर्देशित कार्यक्रम सफल बनाउन सबै तयारी पूरा भएको बताए । उनले अनमोल पार्टी प्यालेसमा भएको भेला आधिकारिक नभएको बताए। सो भेला पार्टीको नभई एक समूहको भएको बताए। भोलिको कार्यक्रम सफल पार्न पार्टीले भने अनुसार जसपा, माओवादी, नेकपा एस तथा विप्लव समूहबाट एक/एक जना प्रतिनिधि रहनेगरी जिल्ला समन्वय समिति बनिसकेको बताए । अध्यक्ष यादवले अर्को भेलाबारे आफूलाई थाहा नभएको र समाजवादी मोर्चामा आबद्ध सबै दलका नेताहरू हामीसँगै अहिले बैठकमा रहेको प्रतिक्रिया दिए ।

जसपाका नगर अध्यक्ष ईश्वरचन्द्र यादवले अनमोल पार्टी प्यालेसमा आयोजित भेला गुट-उपगुटको नभई भोलिको कार्यक्रम सफल बनाउनका लागि भएको बताए । पार्टीका सबैलाई सहभागी हुन सार्वजनिक सूचना हिजै गरिएको पनि कोही नआएपछि हाम्रो के जान्छ उनले बताए ।

त्यसैगरी, जसपाका सहसचिव सुशील साहले भेला भोलि हुने सभाको तयारीको लागि हो, गुटको होइन, गुट भने पनि पार्टी एक नै रहने बताए। उनले पार्टीमा कुनै किसिमको गुट-उपगुट नरहेको दाबी पनि गरे ।

## ड्राइपोर्ट भन्सारमा अड्केको कोइला बाहिरियो मूल्यमा १५ प्रतिशत थपेर जाँचपास

प्रस, परवानीपुर, ७ भदौ/

रेलमार्गबाट आएर वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयमा विगत दुई महीनादेखि थन्किएको तीन हजार ६५० टन कोइलाको जाँचपास भएको छ । बुधवारदेखि जाँचपास भएर कोइला आयातकर्ताको गोदाममा जान थालेको बन्दरगाह भन्सार कार्यालयले जनाएको छ । भन्सार कार्यालयका प्रमुख डा रामप्रसाद मैनालीले कोइलाको कुल मूल्यमा १५ प्रतिशत थपेर पाँच प्रतिशत भन्सार महसूल लिई जाँचपास भएको बताए ।



श्रीसिया सुक्खा बन्दरगाहमा रेलबाट ल्याइएको कोइला अनलोड हुँदै । तस्वीरः प्रतीक

भन्सारको सन्दर्भ मूल्यको झन्झटका कारण दुई महीनादेखि कोइला बन्दरगाह भन्सारमा थन्किएको थियो। यो नाकाबाट पहिलोपटक रेलबाट कोइला ल्याएको आयातकर्ताले कोइलाको सन्दर्भ मूल्य अव्यावहारिक भएको भन्दै जाँचपास गराएका थिएनन्। आयातकर्ताले कोइला जाँचपास नगराएर भन्सार विभागमा बीचको बाटो वा विकल्प निकाल्न निवेदन दिएको थियो । सोही बमोजिम निर्णय भएको प्रमुख भन्सार अधिकृत मैनालीले बताए ।

भन्सारको सन्दर्भ मूल्य पुस्तिकामा भारतबाट कोइला आयात गर्दा प्रतिकिलो भारु १२ भन्दा घटीमा जाँचपास गर्न

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

तिमीले प्रार्थना गर्दा पनि केही पाएनौ, त्यसको चिन्ता नगर; बरु ती ईश्वरप्रति कृतज्ञता प्रकट गर, जुन उनले नमागीकन दिएका छन् ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

## भारतको सफलता

छिमेकी मित्रराष्ट्र भारतले महत्त्वपूर्ण सफलता हात पारेको छ। भारतको महत्त्वाकाङ्क्षी परियोजना चन्द्रयान–३ चन्द्रमाको दक्षिणी ध्रुवमा सफलतापूर्वक अवतरण गरेको छ । उक्त यान बुधवार साँझ चन्द्रमामा अवतरण गरेको इन्डियन स्पेस रिसर्च अर्गनाइजेशन (इसरो)ले जनाएको हो । नेपाली समय अनुसार बुधवार साँझ ६ बजेर १८ मिनेट जाँदा चन्द्रयान–३ चन्द्रमाको सतहमा अवतरण गरेको इसरोले प्रत्यक्ष प्रसारण गरेको थियो । चन्द्रमाको सतहमा आफ्नो यान सफलताका साथ अवतरण गराउने भारत चौथो मुलुक बनेको छ । यसअघि अमेरिका, चीन र रूसले चन्द्रमामा यान पठाएका थिए । यसअघिका तीनवटै मुलुकले चन्द्रमाको भूमध्यरेखा आसपासमा यान पठाएका थिए। तर भारतले भने चन्द्रमाको दक्षिणी ध्रुवमा यान पठाएको हो । दक्षिणी ध्रुवमा यान पठाउनु कठिन मानिन्छ । यसरी हेर्दा चन्द्रमाको दक्षिणी ध्रुवमा यान पठाउन सफल भारत पहिलो राष्ट्र हो । उक्त यानमा अर्बिटर, ल्यान्डर र रोभर गरी तीन महत्त्वपूर्ण भाग छन् । ल्यान्डरको नाम विक्रम राखिएको छ । विक्रमले बोकेको रोभरको नाम प्रज्ञान राखिएको छ। २६ किलो तौल रहेको प्रज्ञान रोभरले बिहीवारदेखि दक्षिणी ध्रुवको सतहको अध्ययन शुरू गर्‍यो ।

चन्द्रमाको दक्षिणी ध्रुव कम अन्वेषण गरिएको भाग हो। चन्द्रमाको अन्वेषणमा यस ध्रुवको विशिष्ट महत्त्व छ। यहाँ स्थायीरूपमा छायामा पर्ने सतहको क्षेत्रफल ठूलो छ। यसो हुनु पानीको सम्भावना रहेको सङ्केत हो भन्दै वैज्ञानिकहरू खोज–अनुसन्धानमा लागेका छन्। तर सो क्षेत्रमा अन्वेषण गर्ने यान हालसम्म नपुगेको कारण अनुसन्धान असहज बनेको थियो । चन्द्रमातर्फ विश्वको ध्यान केन्द्रित छ । चन्द्र अभियानमा विश्वव्यापी चासो बढ्दो छ। चन्द्रमाको बारेमा राम्रो अध्ययन अनुसन्धान हुन पाए यसलाई भित्री अन्तरिक्षको प्रवेशद्वारका रूपमा प्रयोग गर्न सकिने सम्भावना छ। चन्द्रमाको सतहलाई स्टेशनको रूपमा प्रयोग गरेर अन्य ग्रह, उपग्रहहरूको खोज, अनुसन्धान गर्न सहज हुने वैज्ञानिहरूको मत छ। चन्द्रयान–३ को मुख्य उद्देश्य बरफको खोजी गर्नु हो। पानीको स्रोतका रूपमा बरफ फेला परे भविष्यमा चन्द्रमामा मानव बसोबासलाई सहयोग पुग्नेछ।

चन्द्रयान–३ को सफलता अन्तराष्ट्रिय खोज अनुसन्धानको क्षेत्रमा विश्व मानवजातिकै लागि महत्त्वपूर्ण पाइला हो। यस सफलताले भारतको सानलाई त झन् निकै उचाइमा पुर्‍याएको छ। चन्द्रमाको दक्षिणी ध्रुवमा यान पठाउन भारत र रूसबीच प्रतिस्पर्धा थियो । यस क्रममा रूसको लुना–२५ अन्तरिक्ष यान केही दिन पहिले चन्द्रमाको सतहमा अवतरणका क्रममा नियन्त्रण गुमाएर दुर्घटनाग्रस्त भयो । निकै अप्ठ्यारो सतह रहेको कारण दुर्घटना भएको बताइएको छ । सोको केही दिनमैं भारतको अभियान चन्द्रमामा सफल अवतरण भएको हो । यसअघि भारतले सन् २००८ मा चन्द्रयान–१ प्रक्षेपण गरेको थियो। यसले चन्द्रमाको कक्षमा परिक्रमा गर्दै चन्द्रमाको सुक्खा सतहमा पानीका अणुहरू रहेको पत्ता लगाएको थियो। त्यसपछि सन् २०१९ मा भारतले चन्द्रयान–२ को प्रक्षेपण गरेको थियो । तर चन्द्रमाको सतहमा अवतरणको क्रममा दुर्घटना भयो । दुर्घटनामा परेको यानले पृथ्वीमा सन्देश पठाउन नसके पनि चन्द्रमाको कक्षमा परिक्रमा गरिरहेको थियो । उक्त यानलाई समेत संयोजन गरेर चन्द्रयान–३ ले काम थालेको छ। अतः चन्द्रयान चन्द्रयान–३ ले १ र २ पनि सफल बनाएको मान्नुपर्छ ।

# चन्द्रयान–३ को सफल अवतरण

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**चन्द्रमाको दक्षिणी ध्रुवलाई निकै कठिन मानिन्छ । यस ध्रुवमा निकै कम अन्वेषण भएको मानिन्छ । यस ध्रुवमा पानीको स्रोत फेला परे भविष्यमा चन्द्रमामा मानव बसोवासको सम्भावनाको ढोका पनि खुल्ने विश्लेषण र विश्वास वैज्ञानिकहरूको रहेको छ ।**

चन्द्रमाको दक्षिणी ध्रुवमा चन्द्रयान–३ सफलतापूर्वक उतार्ने पहिलो देश भारत बनेको छ । चन्द्रमाको कक्षमा प्रवेश गरेपछि चन्द्रयान–३ का क्यामराले केही तस्वीरसमेत खिचेको थियो। २० अगस्तमा यानले खिचेको एउटा तस्वीरलाई अस्ति मङ्गलवार इसरोले शेयर गरेको छ। सो तस्वीरमा चन्द्रमाको धूलाम्य खैरो सतहको 'क्लोज–अप' दृश्य देखिन्छ । हिजो भारतमा एक किसिमको महापर्व जस्तै उत्साहको वातावरण थियो। रसियाली यान लुना–२५ आफ्नो लक्ष्यसम्म पुग्न असफल भएपछि भारतीय वैज्ञानिकहरूको पनि चिन्ता बढेको थियो तर हिजो निर्धारित समयमैं सफलतापूर्वक चन्द्रयान–३ को अवतरण भएपछि भारतका वैज्ञानिकहरूलाई पूरै विश्वले बधाई दिइरहेको छ। हुन पनि यस अभियानलाई सफल बनाउनमा भारतीय वैज्ञानिकहरूले अहोरात्र परिश्रम गरेका थिए। चन्द्रयान–२ को असफलतापछि अलिकति पनि हरेश नखाई आफ्नो अनुसन्धानलाई निरन्तरता दिंदै आएका थिए र लक्ष्य प्राप्ति गरे। सम्भवतः यही कारण होला इसरोका प्रमुख एस सोमनाथले यसलाई इसरोका एक पुस्ताकै वैज्ञानिकहरूको काम बताएका छन्। ब्रिक्स सम्मेलनमा भाग लिन दक्षिण अफ्रिका पुगेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अवतरणको दृश्यलाई प्रत्यक्ष प्रसारणमार्फत हेरेका थिए । आफ्ना वैज्ञानिकहरूको उत्साहवर्द्धन गरिरहेका थिए । यसमा अनुमानित खर्च पाँच अर्ब २० करोड रुपियाँ रहेको बुझिन्छ। यस्ता अनुसन्धान र उपलब्धिहरूले अन्ततः मानवताकै कल्याण गर्छ। इसरोको वेबसाइट, युटच्युब च्यानल, फेसबूक पेज र दूरदर्शनको नेशनल च्यानलमार्फत यसका प्रसारण भइरहेका थिए । हुनत भारतका सबै सञ्चारमाध्यमले नै यसको प्रत्यक्ष प्रसारण गरिरहेका थिए । इसरो चन्द्रयान–३ को सफलताप्रति यति बढी आशावादी थियो कि हिजो प्राविधिक समस्या उत्पन्न हुने अवस्था आए, यसलाई २७ तारेखमा पनि अवतरण गराउन सकिने विकल्प तयार पारेको थियो। यानलाई भारतीय अन्तरिक्ष अनुसन्धान संस्थान इसरोले १४ जुलाईमा दक्षिण भारतस्थित श्री हरिकोटा प्रक्षेपण केन्द्रबाट प्रक्षेपण गरेको थियो। कला, साहित्य, संस्कृति मात्रै होइन ज्ञान, विज्ञान र अनुसन्धानका क्षेत्रमा पनि भारतले निरन्तर प्रगति गरिरहेको छ । कठिन मानिएको चन्द्रमाको दक्षिणी ध्रुवमा यानलाई अवतरण गराउनु ऐतिहासिक उपलब्धि हो।

प्रक्षेपण गरेको ४० दिनमा तीन लाख ८४ हजार चार सय किलोमिटरको दूरी पार गर्दै चन्द्रयान–३ हिजो भारतीय समय अनुसार बुधवार साँझ ६ बजेर ४ मिनेटमा चन्द्रमाको सतहमा अवतरण भएको हो। चन्द्रयानको अवतरणलाई इसरोले नियन्त्रण कक्षबाट लाइभ प्रसारण गरेको थियो । लाइभमा ब्रिक्स सम्मेलनमा सहभागी हुन दक्षिण अफ्रिकाको राजधानी जोहानेसबर्गमा रहेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पनि जोडिएका थिए । चन्द्रयानको सफल अवतरणपछि प्रधानमन्त्री मोदीले यो भारतको मात्र नभई सम्पूर्ण मानवताकै सफलता भएको बताए। भारतको सफल चन्द्र अभियान भारतको मात्र होइन । यो अभियान मानवकेन्द्रित दृष्टिकोणमा आधारित छ र यसको सफलता सम्पूर्ण मानवताको सफलता हो, प्रत्यक्ष प्रसारणबाट सम्बोधन गर्दै प्रम मोदीले भनेका थिए।

यानमा ल्यान्डर, रोभर, प्रोप्लसन मोडयुलसका तीन भाग छन् । यानको कुल तौल एक हजार सात सय किलोग्राम रहेको छ । यानमा चन्द्रमाको भित्री सतहको हलचलको समेत चाल पाउने सिस्मोमिटर पनि समावेश छ। चन्द्रमा र रोभर चन्द्रमाको सतहमा करीब दुई हप्ता सञ्चालन हुने अपेक्षा गरिएको छ। प्रोप्लसन मोडयुलस भने चन्द्रमाको कक्षमा नै रहेको छ र यसले यानबाट तथ्याङ्क तथा सङ्केतहरू लिएर पृथ्वीमा पठाइरहनेछ। चन्द्रमाको सधैं छायामा रहने यो दक्षिणी ध्रुवमा जमेको पानी र बहुमूल्य पदार्थहरूको महत्त्वपूर्ण भण्डार हुन सक्ने विश्वास गरिन्छ । चन्द्रमाको दक्षिणी ध्रुवमा पुग्ने भारत पहिलो देश बनेको छ, जबकि चन्द्रमाको सतहमा पुग्ने चौथो देश भएको छ। चन्द्रमाको दक्षिणी ध्रुवलाई निकै कठिन मानिन्छ। यस ध्रुवमा निकै कम अन्वेषण भएको मानिन्छ । यस ध्रुवमा पानीको स्रोत फेला परे भविष्यमा चन्द्रमामा मानव बसोवासको सम्भावनाको ढोका पनि खुल्ने विश्लेषण र विश्वास वैज्ञानिकहरूको रहेको छ।

चन्द्रमा–३ मा एउटा अर्बिटर, ल्यान्डर र रोभर छन् । चन्द्रमामा ल्यान्डरले सफल अवतरणपश्चात् यसमा रहेका रोभरले बाहिर निस्केर चन्द्रमाको सतहमा घुमेर जानकारी सङ्कलन गर्नेछ। भारतीय वैज्ञानिकको परिश्रम र प्रतिभाका कारण दुनियाँका कुनै पनि देश पुग्न नसकेको चन्द्रमाको दक्षिणी ध्रुवमा भारत पुगेको छ। अब चन्द्रमासँग जोडिएका मिथक बदलिनेछन् भने भारतीय प्रधानमन्त्री मोदीको अभिव्यक्तिले त्यहाँ उपस्थित वैज्ञानिकहरूको उत्साहलाई बढाउने काम गर्नेछ।

अवतरणको सफलतापछि भारतीय अन्तरिक्ष अनुसन्धान संस्थान (इसरो)का प्रमुख सोमनाथले चन्द्रयान–३ ले भारतका पुराना चन्द्र अभियानहरूको उद्देश्यलाई सफल पार्न र केही विशेष उल्लेखनीय वैज्ञानिक खोजलाई सघाउने काम गर्ने बताए। गत साता मात्र चन्द्रमाको यस सतहमा अवतरण गर्न लागेको रूसको लुना–२५ दुर्घटनाग्रस्त भएको थियो । अहिलेसम्म अमेरिका, रूस र चीनले चन्द्रमामा अन्तरिक्ष यान अवतरण गराएका छन्।

सन् २००८ र २००९ मा गरिएको खोज अनुसार चन्द्रमाको दक्षिणी ध्रुवमा पानी हुने सम्भावना रहेको बताइएको थियो। चन्द्रमामा बसाइँ सर्ने सम्भावना बताउने वैज्ञानिकहरूका लागि सबैभन्दा ठूलो समस्या पनि थियो । पानीविना जीवन कसरी फस्टाउन सकिन्छ भन्ने प्रश्नको जवाफ खोज्न नै चन्द्रमामा विभिन्न यान पठाउने क्रम बढेको हो। चन्द्रमामा कुनै पनि यानलाई सकुशल अवतरण गराउन समस्या हुन्छ । खासगरी चन्द्रमामा पर्याप्त हावा नहुनाले तीव्र गतिले यान झर्छ र दुर्घटनाग्रस्त हुन्छ। दुर्घटनाबाट बचाउन प्रायः यसलाई प्यारासुटबाट अवतरण गराउने गरिन्छ। भारतको चन्द्रयानको दुर्लभ सफल अवतरणले चन्द्रमाको दक्षिणी भेगमा पानी छ कि छैन भन्नेमा अन्वेषण जारी राख्नेछ। चन्द्रमामा पानी फेला पारिए, त्यहाँबाट अन्य ग्रहमा रकेट प्रक्षेपण गर्न सहज हुने वैज्ञानिकहरूको विश्लेषण छ। मङ्गलगायत अन्य ग्रहमा रकेट प्रक्षेपण गर्न पृथ्वीबाटै योजना सञ्चालन गरिने अवस्था छ तर भविष्यमा चन्द्रमाबाट रकेट प्रक्षेपण गर्नु सस्तो पनि पर्नेछ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भारतले चन्द्रयान–३ सफलरूपमा चन्द्रमाको सतहमा अवतरण गरेकोमा बधाई दिएका छन् । उनले बुधवार साँझ सामाजिक सञ्जालमार्फत भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, भारत सरकार, त्यहाँका वैज्ञानिक एवं भारतीय जनतालाई पनि बधाई दिएका छन् । मित्रराष्ट्र भारतको यस सफलताबाट अन्तरिक्षको खोज, अनुसन्धानका साथै नयाँ सम्भावनाको खोजीमा मानवजातिले अर्को महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। यसले संसारभरिका वैज्ञानिक एवं अनुसन्धानकर्तालाई थप प्रेरणा प्रदान गरेको छ। नेपालका विभिन्न राजनीतिक दलका नेता तथा सर्वसाधारणले पनि आआफ्नो सामाजिक सञ्जालमार्फत भारतको यस सफलताका लागि बधाई दिएका छन्।

# शौचालय बनेपछि फेरिएको दिनचर्या



लहान (सिराहा), ७ भदौ/रासस

आशादेवी पासवानलाई अचेल सबेरै घाम झुल्किनुभन्दा अगाडि आँखा मिच्दै साथीहरूलाई जम्मा गरी हुल बाँधेर खुट्टी खोलाको किनारमा शौच गर्नुपर्ने विवशता हटेको छ । घरनजीकै सामुदायिक शौचालय बनेसँगै सिराहाको लहान नगरपालिका–५ बलुवा टोलकी आशादेवीजस्तै यहाँका नागरिकको दैनिकीमा परिवर्तन आएको छ।

आफ्नै टोलमा बनेको शौचालयमा सुरक्षितरूपमा दिसापिसाब गर्न पाएपछि आशादेवी बाहिर शौच गर्नुपर्ने चिन्ताबाट मुक्त भएकी छन् । अलि पर खोला किनारमा बिहान झिसमिसेमैं शौच गर्न जाँदा लाग्ने समय अब उनी घरधन्दामा बिताउँछिन् । सामुदायिक शौचालय बनेपछि आशादेवीजस्तै मुख्यगरी यहाँका गृहिणी महिलाको समयको बचत मात्र भएको छैन, कसैले देख्छ कि भनेर किस्ताबन्दीमा डराइडराइ दिसा बस्नुपर्ने बाध्यता पनि हटेको छ।

सतचालीस परिवार बस्दै आएको बलुवा टोलमा अधिकांश व्यक्ति सुकुमबासी दलित समुदायका छन् । उनीहरूसित न शौचालय बनाउने जग्गा छ, न त लगानी गर्ने पैसा । "घरमा शौचालय नहुँदा धेरै दुःख भोग्नुपर्ने बाध्यता थियो । झिसमिसे अँध्यारोमैं खुला दिसा बस्नुपर्दा कीरामिरा तथा सर्पको डर थियो," आशादेवीले भनिन्, "अझ झरी पर्दा र खोलामा आएको बाढीले त झन् शौच गर्न कहाँ जाने होला भन्ने चिन्ता हुन्थ्यो। अब नजीकै शौचालय बनेपछि यो समस्याबाट मुक्ति पाइयो।"

'वाटर एड नेपाल'को प्राविधिक सहयोग र दलित जनकल्याण युवा क्लब, लहान नगरपालिका, नेपाल खानेपानी संस्थान, लहानको संयुक्त साझेदारीमा सञ्चालित 'विकन परियोजना'अन्तर्गत टोलमा सामुदायिक शौचालय सञ्चालनमा आएपछि बाहिर खोला किनारतिर खुला शौच गर्नुपर्ने बाध्यताको अन्त्य भएको हो।

चार वर्षअघि नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरियो। खुला दिसामुक्तको मानक पूरा गर्ने नेपाल दक्षिण एशियाकै पहिलो देश भनी घोषणा गरिए पनि त्यसले मधेसका दलित तथा गरीब बस्तीलाई छुनै सकेन। लहान वडा नं ५ का निवर्तमान अध्यक्ष मोहम्मद सुलेमान अन्सारी भन्छन्, "यस समुदायमा सबै सुकुमबासी छन् । उहाँहरूसँग जग्गा अभावले घरमा शौचालय बनाउने कुरा भएन। नदी किनारमा खुला ठाउँमा शौच गर्न बाध्य थिए। यो ठाउँमा सामुदायिक शौचालय बनाइदिनुपर्‍यो भनी नगरपालिका र विभिन्न सङ्घसंस्थालाई बारम्बार अनुरोध गरिरहयौं र अहिले आएर हाम्रो पहलकदमी सार्थक बनेको छ।"

यसअघि टोलवासीले शौचालय बनाइदिने आश्वासन मात्र पाएका थिए। "जो आए पनि नाम लेखेर जान्थे," स्थानीय नीरादेवी पासवानले भनिन्, "टोलमा घरभन्दा राम्रो शौचालय बन्छ होला भनेर त सोचेको पनि थिइनँ। टोलमा कसैले घर दिन्छु, कसैले घरैघर चापाकल दिन्छु भन्थे, तर उहाँहरूले (दलित जनल्याण) त साँच्चिकै नै यति राम्रो चर्पी बनाइदिनुभयो," खुशी हुँदै उनले भनिन्।

स्थानीयका अनुसार पहिला–पहिला बलुवा टोलमा मुख छोपेर हिंड्नुपर्ने अवस्था थियो । नदीको किनारमा एक लाइनमा महिला तथा अर्को लाइनमा पुरुष शौच गर्न बसेका हुन्थे । पहिले जताततै दिसापिसाब मात्र देखिने बलुवा टोलमा शौचालय बनेपछि गाउँ सफा भएको छ। सरसफाइले स्थानीयको स्वास्थ्यमा सुधारसमेत आएको छ । शौचालय अभावमा घरवरपर जथाभावी दिसापिसाबका कारण झाडापखाला, आउँ, टाइफाइडलगायत रोगले सताउने भएपनि अहिले कमी आएको स्थानीय बताउँछन्।

दलित हकअधिकारको क्षेत्रमा काम गर्ने दलित जनकल्याण युवा क्लबले गरीब, निमुखा र दलितको जीविकोपार्जनको लागि विगतदेखि नै उल्लेखनीय कार्य गर्दै आएको बताउँछन्, क्लबका कार्यकारी निर्देशक विनोदकुमार विसुन्के । दलित बस्तीमा शौचालयको अभाव देखेपछि उक्त समस्यालाई सामधान गर्न उक्त कार्य अगाडि बढाएको उनले जानकारी दिए।

लहान–५ का अध्यक्ष मोहम्मद अब्दुल करिमले शौचालयको अभावमा खुला ठाउँमा शौच गर्न बाध्य र समाजमा पछाडि पारिएको यस क्षेत्रलाई आफ्नो पहिलो प्राथमिकतामा राखेर काम गरिएको बताए । सामुदायिक शौचालय तयार भइसकेपछि लहानका प्रमुख महेशप्रसाद चौधरीले भने, "घरभन्दा राम्रो शौचालय बनेको छ, यसको संरक्षण गर्नु हामी सबैको जिम्मेवारी हो।"

शौचालय अपाङ्गतामैत्री छ। १४ वटा शौचालय ४७ परिवारले प्रयोग गर्छन् । उनीहरूले 'बलुवा टोल सामुदायिक शौचालय मर्मतसम्भार समिति' गठन गरेका छन्। शौचालयको स्थायित्वका लागि भन्दै प्रयोगकर्ताले मासिक शुल्क प्रतिघर रु एक सयका दरले सङ्कलन गर्ने गरेको र उक्त रकम शौचालयमा प्रयोग भएको बिजुलीको महसूल तिर्न तथा शौचालय व्यवस्थापनमा खर्च गरिने समितिका सचिव किरणकुमारी पासवानले जानकारी दिइन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## समृद्धिका बाधक प्राविधिक परनिर्भरता

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**मुलुकमा रोजगार सृजना गर्न, आन्तरिक उत्पादन बढाउन, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न, विदेशबाट बढी आर्जन गर्न र उद्यमशीलता बढाउन प्राविधिक शिक्षाको भूमिका महत्त्वपूर्ण हुन्छ र यसैबाट उच्च दरको आर्थिक विकास र समृद्धि सम्भव हुन्छ ।**

अहिले मुलुकको विकास र समृद्धिबारे धेरै चर्चा–परिचर्चा हुने गरेको छ। संयुक्त राष्ट्रसङ्घको वर्गीकरणमा नेपाल अतिकम विकसित मुलुकको सूचीमा परेको छ । सन् २०२६ सम्म नेपालले विकासोन्मुख मुलुकमा स्तरोन्नति हुने तयारी गरिरहेको छ । मुलुकको विकासका लागि नै विसं २०१३ सालदेखि योजनाबद्ध विकास प्रारम्भ भएको थियो। अहिले नेपाल १६औं योजनाको तयारीमा जुटेको छ । यस अवधिमा मुलुकको विकासमा धेरै सामाजिक सूचकमा उल्लेखनीय उपलब्धि प्राप्त भएको छ भने केही सूचक कमजोर अवस्थामा रहेको छ । नेपालले अनुमोदन गरेर आफ्नो विकास प्रक्रियामा आन्तरिकीकरण गरेको दिगो विकासको लक्ष्यले विकासका विभिन्न आयामलाई १७ वटा लक्ष्यमा लिपिबद्ध गरेको छ। सन् २०३० सम्म गरीबी, भोकमरी, असमानता, बहिष्करणालगायत क्षेत्रमा रहेको अविकास विकासमा रूपान्तरण गर्ने परिलक्ष्य पनि निर्धारण गरेको छ । आधुनिक विज्ञान र प्रविधि क्षेत्रमा ढिलो शुरूआत हुँदा नेपाल विश्वमा नै धेरै पछाडि परेको छ। त्यसैले आर्थिक क्षेत्रका सूचकमा अब नेपालले शीघ्र प्रगति नगरेमा विकसित देशको स्तरमा पुग्ने आम नेपालीको चाहना पूरा हुन नसक्ने निश्चित छ ।

नेपालमा प्रविधिको विकास नहुँदा र आयात गरी उपयोगमा ल्याउँदा धेरै विदेशी मुद्रा बाहिरिएको छ । नेपालले जलविद्युत् प्रविधि, विद्युतीय सवारीसाधन, शिक्षा, सौर्य ऊर्जा, चिकित्सा, रोग नियन्त्रण तथा उपचार, कृषि र पशुपालन प्रविधि, पर्यटन र आवासन प्रविधिजस्ता आयातित प्रविधि प्रयोग गर्दा तथा प्राविधिक परनिर्भरताले बर्सेनि अर्बौं रुपियाँ बाहिरिएको तथ्याङ्क छ। आठ हजार मिटर अग्ला विश्वका ६० प्रतिशत हिमाल, जलस्रोतमा विश्वकै दोस्रो धनी, युरेनियमसहित बहुमूल्य खानी, प्राकृतिक विविधताको अनौठो सङ्गम, पर्यटनको अपार सम्भावना, जडीबुटीसहितका थुप्रै सम्भावना बोकेको हाम्रो देश नेपाल आर्थिक विकासमा विश्व र दक्षिण एशियामा समेत पछि परेको छ। वर्ल्ड हेरिटेज फाउन्डेशनका अनुसार आर्थिक समृद्धिको हिसाबले सन् २०२३ को अर्थतन्त्र सूचकाङ्कमा नेपाल १४२ औं स्थानमा र एशिया–प्यासिफिक क्षेत्रका ३९ देशमा ३० औं स्थानमा छ । यसले नेपालको अर्थव्यवस्था अत्यन्त कमजोर रहेको सङ्केत गरेको छ। सन् २०१८ देखि २०२३ सम्म आइपुग्दा नेपालको स्थान खस्कनु र आर्थिक विकास क्रम घटेर आर्थिक मन्दी छाउनुमा नेपालले प्रविधिको विकास गर्न नसक्नु हो। नेपालमा फलाम, तामा, शीशा, अभ्रख, म्याग्नेसाइट, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस, युरेनियमलगायत बहुमूल्य खनिज पदार्थ भए पनि प्रविधि र प्राविधिकको कमी तथा यसका लागि अरू मुलुकमा भर पर्नुपर्ने बाध्यताले उच्च आर्थिक वृद्धिदर हासिल हुन नसकेको हो ।

नेपालसँग भएका विशेषज्ञ तथा विज्ञ पनि उपयुक्त अवसरको खोजीमा विदेशिने प्रवृत्तिले मुलुकले नवीन उत्पादन र खोज अनुसन्धान, आवश्यक परामर्श र विशेषज्ञ सेवा तथा प्राविधिक र अनुसन्धानकर्ताको खोजी गर्दा विदेशीको भर पर्नुपर्ने बाध्यात्मक अवस्था छ । आन्तरिक रोजगार प्रवर्द्धनका लागि प्राविधिक शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ । 'सीपले पाल्छ' भन्ने हाम्रो पुरानो भनाइ नै छ। ऐतिहासिकरूपमा पनि नेपालमा सीपयुक्त जनशक्ति थियो भन्ने कुरा लिच्छवी र मल्लकालको कला र संस्कृतिबाट पुष्टि हुन्छ। प्राविधिक शिक्षा प्राप्त गरेको व्यक्तिसँग सीप हुन्छ । सीपयुक्त जनशक्तिले बेरोजगारी रहनुपर्दैन। सीप हुनेहरू स्वरोजगारमा पनि संलग्न हुन सक्छन्। यसले व्यक्तिलाई आत्मनिर्भरता र स्वतन्त्रता प्रदान गर्छ। सीपयुक्त जनशक्ति नपाउँदा नेपाली श्रम बजारमा विदेशी कामदारले काम पाएको अवस्था विद्यमान छ भने सीपविहीन युवालाई विदेशमा श्रम गर्न पठाउँदा अन्य मुलुकको तुलनामा नेपालले कम रेमिट्यान्स भित्र्याइरहेको छ । त्यसैले प्राविधिक शिक्षा र तालीमको अवसर सर्वव्यापी बनाएर र सीप परीक्षण प्रणाली व्यवस्थित गरेर मुलुकभित्र रोजगार प्रवर्द्धन गर्नु अहिलेको आवश्यकता हो । आयातित प्रविधि र प्राविधिक परनिर्भरता रहँदा मुलुक समृद्ध हुन सक्दैन। आन्तरिक उत्पादन बढाउन पनि प्राविधिक जनशक्ति नभई हुँदैन । देश आयातमुखी बन्दै गएको छ। स्वदेशी उत्पादन र उपभोग बढाउन सरकारले नयाँ कार्यक्रम ल्याएको छ। व्यापारघाटा कम गराउने कार्ययोजना ल्याइएको छ। मुलुकभित्र उपभोग गरिने वस्तुहरू उत्पादन गर्ने क्षमता प्राविधिक जनशक्तिसँग नै हुन्छ । सुनका गहना बनाउन मुलुकका सुन पसलहरूमा हजारौंको सङ्ख्यामा विदेशी कालिगढ छन्। नेपाली उद्योगहरू भारतीय कामदार नभई चल्दैनन् भनिन्छ । पूर्वाधार विकासका आयोजनामा पनि लाखौंको सङ्ख्यामा भारतीय कामदार छन्। सबै क्षेत्रमा प्राविधिक जनशक्ति नभएर काम गर्न नसकिएको प्रगति समीक्षाहरूमा सुन्न पाइन्छ। यसरी हेर्दा आन्तरिक उत्पादन बढाउन वा उच्च आर्थिक वृद्धिदर प्राप्त गर्न प्राविधिक जनशक्तिको अभाव रहेको पुष्टि हुन्छ ।

अर्थतन्त्रमा प्रविधि र प्राविधिक परनिर्भरता भन्नाले विकास निर्माणदेखि योजनामा क्षमतावान् जनशक्ति र मेशिन औजार प्रयोग गर्दा वा योजना सञ्चालनार्थ प्रणाली जडानमा, विदेशी वा तेस्रो पक्षमा भर पर्नुपर्ने अवस्थालाई बुझाउँछ। परनिर्भरता भनेको व्यापार, उत्पादन, वितरण, वित्तीय, औद्योगिक तथा सामाजिक क्षेत्रमा नयाँ तथा उन्नत प्राविधिक उत्पादन तथा प्रवर्द्धन गर्दा स्वयं सक्षम हुन नसक्नु हो । प्राविधिक परनिर्भरताले देशको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक विकासमा असर गर्छ । द्रुत गतिको आर्थिक विकासमा बाहिरी प्रविधि र प्राविधिक प्रयोग स्वाभाविक भए पनि अर्थतन्त्रमा प्राविधिक परनिर्भरतालाई राम्रो मानिएको छैन । यसले अर्थतन्त्रलाई अस्थिर बनाई समस्या खडा गरेर नेपाली अर्थतन्त्रको दीर्घकालीन समृद्धिमा असर पुऱ्याउन सक्छ भने प्राविधिक परनिर्भरता भएमा नवीन प्रविधि प्रणालीको विकास र विस्तारमा कमी आउने गर्छ। परनिर्भर भएको अर्थ व्यवस्था सुधार्न बढी समय लाग्छ । विदेशी उपकरण, सेवा तथा प्रविधि उपयोगमा भुक्तानी गर्दा विदेशी मुद्रा सञ्चितिमा कमी आई बजार असन्तुलित हुन्छ । नेपालमा अत्यधिक परनिर्भरताले संरचनात्मक परिवर्तन गर्न कठिन छ भने यसले समग्र अर्थतन्त्रलाई नै प्रभावित बनाएको छ ।

प्रविधिको अभावमा विभिन्न सेवाको सुरक्षा र गोपनीयतामा पनि समस्या उत्पन्न हुन सक्छ । सञ्चार, बैंकिङ, व्यापारजस्ता क्षेत्रमा साइबर अपराधको खतरासमेत बढ्छ । यसरी प्राविधिक परनिर्भरताले उच्च दरको आर्थिक वृद्धि र विकासमा नकारात्मक असर परेर उद्योग, व्यवसाय, नवप्रवर्तन, आविष्कार, सिर्जनशीलता र यन्त्रीकरणमा गम्भीर असर पुग्न जान्छ । मुलुकले विभिन्न वस्तु तथा सेवा उत्पादन गर्दा, कुनै आयोजनामा विशेष क्षमताको विज्ञ सेवा लिंदा वा नयाँ प्रविधि बजारमा आउँदा र नयाँ प्रविधि प्रयोगमा ल्याउनुपर्ने अवस्थामा चाहिने प्रविधि र प्राविधिक विदेशमा निर्भर रहनु स्वाभाविकै हो । समग्र प्रविधिको प्रयोगविना उच्च दरको आर्थिक विकास सम्भव हुन सक्दैन । प्रविधि र प्राविधिकको व्यवस्थापन हुन नसक्दा मुलुकमा परनिर्भरता बढेको छ। प्रविधि र प्राविधिकको परनिर्भरता न्यूनीकरणका लागि राज्यले स्वदेशी प्रविधिलाई प्रोत्साहन, प्रविधिको अनुसन्धान र नवीन सिर्जनशीलतामा जोड दिनै पर्दछ। यसका लागि सोही अनुरूपको सरकारी नीति र नियम बनाउनुपर्ने, यससम्बन्धी अध्यन र अनुसन्धानमा जोड दिनुपर्ने, प्राविधिक नेतृत्वको विकास र सचेतना अभियानलाई तल्लो तहसम्म पुऱ्याउनुपर्ने आजको आवश्यकता हो ।

वास्तवमा आत्मनिर्भर अर्थतन्त्र विकासका लागि प्राविधिक जनशक्ति नभई हुँदैन। बढ्दो व्यापारघाटा र श्रमिक निर्यात यसैका उदाहरण हुन् । जति परनिर्भरता बढ्छ, अर्थतन्त्रमा त्यति नै बाह्य जोखिम बढ्छ । आम नेपालीले उपभोग गर्ने खाद्यान्नको मूल्य बढ्नु यसैको प्रमाण हो । नेपालले कृषि नीति राम्रो बनाएको भए कृषि उपज बढ्दो मूल्यमा बेचेर वैदेशिक मुद्रा आर्जन गर्न सकिने थियो होला । तर माटो सुहाउँदो कृषि नीतिको अभावमा कृषि प्रधान मुलुक भएर पनि नेपालले वार्षिक अर्बौं रुपियाँको कृषिजन्य वस्तु आयात गर्ने गरेको तीतो यथार्थ हामी समक्ष छ । त्यसैले कृषिलगायत सबै क्षेत्रमा आत्मनिर्भरता प्राप्त गर्नका लागि आफैंले उत्पादन गर्नुपर्ने कुरालाई अभियानकै रूपमा सञ्चालन गर्नुपर्दछ । यसका लागि सबै क्षेत्रमा प्राविधिक जनशक्ति आवश्यक पर्दछ । नयाँ प्रविधि विकास गर्नु र त्यसलाई व्यावहारिकरूपमा सदुपयोग गर्न पनि प्राविधिक जनशक्ति चाहिन्छ। एकातिर हामीसँग उपलब्ध प्राविधिक जनशक्ति पनि विदेशिने क्रम बढेको छ भने अर्कोतिर प्राविधिक जनशक्ति उत्पादन गर्ने संरचना कमजोर हुँदै गएको छ। प्राविधिक तथा व्यावसायिक तालीम केन्द्रले विनियोजित बजेट खर्च गर्न नसक्नु र भौतिक प्रगति पनि कम हुनु यसैको सबल प्रमाण हो । यसले समृद्ध र आत्मनिर्भर अर्थतन्त्र बन्ने आम नेपालीको सपनालाई गम्भीर धक्का दिएको देखिन्छ । त्यस्तै उद्यमशीलता विकासका लागि प्राविधिक जनशक्ति नभई हुँदैन । मुलुकमा घरेलु, साना, मझौला र ठूला उद्योगको विकासका लागि उद्यमशील जनशक्ति आवश्यक हुन्छ। अन्य क्षेत्रमा प्रगति गर्न पनि कुनै न कुनै किसिमको उद्यमशीलताको विकास गर्नैपर्दछ । उद्यमशील जनशक्ति बन्न प्राविधिक ज्ञान र सीप नभई हुँदैन । अहिलेको प्रतिस्पर्धी विश्वमा त धेरै क्षेत्रको प्राविधिक ज्ञान भए मात्र सफलता प्राप्त गर्न सकिन्छ। यसैलाई आत्मसात् गरेर युरोपेली मुलुकमा प्राविधिक र जीवनपर्यन्त शिक्षाभित्र नै उद्यमशीलता विकाससम्बन्धी विषयवस्तु समावेश गरेर तालीम प्रदान गर्ने गरिएको पाइन्छ। तर नेपालमा उद्यमशीलताको विकास गर्न ठोस र प्रभावकारी योजना तथा कार्यक्रमको सदैव अभाव देखिन्छ।

अन्त्यमा मुलुकमा रोजगार सृजना गर्न, आन्तरिक उत्पादन बढाउन, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न, विदेशबाट बढी आर्जन गर्न र उद्यमशीलता बढाउन प्राविधिक शिक्षाको भूमिका महत्त्वपूर्ण हुन्छ र यसैबाट उच्च दरको आर्थिक विकास र समृद्धि सम्भव हुन्छ। यसरी हेर्दा आत्मनिर्भर अर्थतन्त्रको विकास र प्राविधिक शिक्षाबीच अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ । तर विश्वमा विकसित भइरहेको यन्त्रमानवको युगमा आइपुग्दा नेपालमा भने प्राविधिक शिक्षाको विकास सन्तोषजनक रहेको पाइँदैन । यसरी प्रविधि र प्राविधिक जनशक्तिमा फड्को मार्न नसकेको अवस्थामा नेपालले समग्र मानव संसाधन योजना तर्जुमा गर्दा प्राविधिक जनशक्तिको माग र आपूर्तिबीच सन्तुलन कायम हुनेगरी नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने तथा यसको प्रभावकारी कार्यान्वयन गरेर मुलुकको तीव्र आर्थिक विकासका लागि बाटो खुलाउनुपर्ने अहिलेको आवश्यकता हो । एक्काइसौं शताब्दीको अहिलेको युगमा एक मुलुकले सबै क्षेत्रमा आफ्नै सामर्थ्यमा मात्रै निर्भर रहन्छु भन्न त सक्दैन तर यी समस्या समाधानको दीर्घकालीन विकल्प भनेको आन्तरिक उत्पादन बढाउनु, रोजगारका क्षेत्र सिर्जना गर्नु र विदेशी परनिर्भरता कम गर्दै लैजानु नै हो। यसैतर्फ हाम्रा सबै प्रयासहरू केन्द्रित गर्न सक्नुपर्दछ ।

## अन्तर्राष्ट्रिय बजारमा नेपाली चलचित्र

काठमाडौं, ७ भदौ/रासस

पछिल्लो समय नेपाली चलचित्रले लगानी उठाउने मात्र नभई विदेशी बजारबाट मुनाफा पनि प्राप्त गर्न थालेका छन्। नेपालका राम्रा र प्रतिष्ठित समूहले निर्माण गरेका चलचित्रलाई विदेशमा रहेका दर्शकले पनि हेर्न थालेपछि नेपाली चलचित्रको बजार विस्तार हुनुका साथै मुनाफा कमाउन थालेका हुन् ।

पछिल्लो समय प्रविधिको विकास भएसँगै नेपालमा प्रदर्शन भएकै दिन उक्त चलचित्रले विदेशमा समेत प्रदर्शनको अवसर पाउन थालेका छन्। यसले नेपाली चलचित्रको अन्तर्राष्ट्रिय बजार बलियो बनाउनुका साथै दर्शकसमेत बढाइरहेको छ ।

मौलिक कथा र कलात्मक प्रस्तुति रहेका नेपाली चलचित्रका लागि अस्ट्रेलिया, अमेरिका, जापान, बेलायतलगायत देशमा बजार बढिरहेको छ । कुनै समय रेस्टुराँ वा सामुदायिक भवनमा प्रदर्शन हुने ती चलचित्र अहिले विदेशी चलचित्र जसरी नै चलचित्र भवनमैं दर्शकले हेर्न पाउँछन् ।

दर्शकले व्यक्तिगतरूपमा चलचित्र भवन भाडामा लिएर प्रदर्शनी गर्ने शैलीमा परिवर्तन आएको अमेरिकास्थित नेपाली चलचित्र प्रदर्शन गर्ने कम्पनी नेपाल इलाभेन इन्टरटेनमेन्ट एलएलसीका निर्देशक प्रतीक सुवेदीले बताए ।

"बूक गरेर प्रदर्शन गर्दा पर्ने शुल्क झन्डै सामान्यको तुलनामा दोब्बर हुन्छ। यसको सम्पूर्ण व्यवस्थापन प्रदर्शक स्वयंले गर्नुपर्छ," उनले भने, "बक्स अफिसमा प्रदर्शन गर्दा हामीलाई त्यो झन्झट भने हुँदैन ।" 'प्रेम गीत ३', 'महापुरुष', 'जारी'लगायत चलचित्र नियमितरूपमैं प्रदर्शन भएपछि अन्यलाई पनि हौसला मिलेको प्रदर्शक सुवेदीले बताए ।

अस्ट्रेलियामा समेत केही नेपाली चलचित्र नियमित प्रदर्शन भएका छन्। यो क्रम बिस्तारै बढ्ने स्थानीय वितरक विनोद पौडेलले बताए । "यहाँ नेपाली चलचित्रको राम्रो बजार बनिरहेको छ। नेपालका केही चलचित्र छायाङ्कन नहुँदै यहाँ प्रदर्शन गर्ने अधिकार हामीले खरीद गरिसकेका हुन्छौं," उनले भने, "हामीले नेपालमा छायाङ्कन हुँदै गरेका र केही लेखनकै क्रममा रहेका चलचित्रको प्रदर्शन अधिकार खरीद गरेका छौं । निर्माण समूहका पछिल्ला चलचित्रले यहाँ गरेको व्यापारका आधारमा विदेश प्रदर्शन अधिकार खरीद गर्ने गरेका छौं ।"

अन्तर्राष्ट्रिय बजारमा छक्का पञ्जा, कबड्डी, जात्रालगायत समूहले निर्माण गर्ने चलचित्र निर्माणपूर्व नै बिक्री हुने वितरक पौडेलको भनाइ थियो ।

निर्देशक रामबाबू गुरुङले आफूले निर्माण गर्न लागेको आगामी दुई चलचित्रको विदेश प्रदर्शन अधिकार लगभग बिक्री भइसकेको जानकारी दिए। "हाम्रो पछिल्लो चलचित्रले गरेको व्यापारकै आधारमा हुन सक्छ। नेपाली चलचित्रले बजार विस्तारसँगै कला र संस्कृतिलाई पनि प्रवासी नेपालीसमक्ष पुऱ्याइरहेको छ," उनले भने ।

नेपालमा प्रतिष्ठित समूहले निर्माण गर्ने चलचित्रको प्रदर्शन मिति नजीक हुँदा अन्तर्राष्ट्रिय बजारलाई भने असर पार्ने वितरक छत्र थापाले बताए। अस्ट्रेलियामा रहेर केही समययता नेपालबाहेक विश्व प्रदर्शन अधिकार खरीद गरिरहेका वितरक थापाले भइरहेको बजार बलियो बनाउन सहकार्य आवश्यक रहेकामा जोड दिए।

"यहाँ एउटा चलचित्रको राम्रोसँग प्रदर्शन हुन दुई महीनाको समय चाहिन्छ। त्यो हिसाबमा एक वर्षमा छ चलचित्र भए राम्रो हुन्छ। त्यस्तो हुन नसके बजारलाई असर गर्न सक्छ," वितरक थापाले भने, "हामीले नयाँ बजार खोज्नु जरुरी छ । अहिले भइरहेको बजार अवस्थामा चलचित्र प्रदर्शन भइरहेका छन् ।"

'दिमाग खराब', 'हात्तीछाप', 'घर ज्वाइँ', 'महाजात्रा' जस्ता चलचित्रको विश्व प्रदर्शन अधिकार खरीद गरेको उनले जानकारी दिए । "यहाँ दर्शकले खोजिरहेका चलचित्र प्रदर्शनमा सहज हुन्छ। त्यसैले चलचित्रलाई कलाकार र निर्माण समूहकै आधारमा खरीद गर्ने गरेका छौं," उनले भने ।

विदेशमा नेपाली चलचित्रको बजार बढेको सन्दर्भ जति प्रशंसायोग्य छ, त्यति नै नेपालमैं बजार विस्तार नहुनु दुःखद रहेको वितरक थापाको भनाइ थियो । अहिले पनि तराईमा नेपाली चलचित्रको बजार राम्रो छैन । वीरगंज, मलङ्गवा, जनकपुरलगायतका बजारबाट हिन्दी भाषाका विदेशी चलचित्रले गर्ने व्यापारको तुलनामा नेपालीको न्यून छ ।

उक्त स्थानमा नेपाली चलचित्र प्रदर्शन हुनु नै अझै ठूलो विषय बनिरहेको वितरक बताउँछन् । बजार विस्तारका लागि विदेशसम्म पुगेर गरिने प्रवर्द्धनात्मक कार्यक्रम ती स्थानमा गर्न सके घरेलु बजारको आकार बढ्नेमा दुई मत छैन ।



पर्सागढी नगरपालिका–६ बागेश्वरी तित्रौनाको चैनपुरमा एक वर्षदेखि सेवा बन्द भएको टावरलाइट । अहिले हरेक पालिकाका चोकचौराहामा टावरलाइट बालेर झिलीमिली र उज्यालो बनाउने जनप्रतिनिधिहरूले अभियान चलाएका छन् । यस्ता योजनामा लाखौं घोटाला गर्ने नियत पनि हुने गरेको छ । यो टावरलाइट बाल्नको लागि ट्रान्सफर्मरले लोड धान्न नसकेपछि लाइन काटिएर बन्द भएको छ । गाउँलेहरूले यस्तो विकास मन नपराउने गरेको र दिगो योजनाहरूमा केन्द्रित भएर जनतालाई छिटोछरितो सेवा दिन अपील गरेका छन् ।
शब्दचित्रः राधेश्याम पटेल

## शनिवारदेखि मौसममा सुधार आउने

काठमाडौं, ७ भदौ/रासस

मनसुनी वर्षा अझै तीन दिन जारी रहनेछ । शनिवारदेखि भने मौसममा सुधार आउने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका वरिष्ठ मौसमविद् वरुण पौडेलका अनुसार शुक्रवारसम्म झरी जारी रहनेछ । विशेषगरी कोशी, मधेस, बाग्मती र गण्डकी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना छ।

आज र भोलि यस्तै झरी रहन्छ, केही समय वर्षा रोकिए पनि घाम लाग्दैन। शनिवारदेखि पश्चिम क्षेत्रबाट मौसम सुधार हुँदै जानेछ," मौसमविद् पौडेलले भने । महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा आज देशभर

(बाँकी पाँचौं पातामा)

# सर्वपक्षीय आर्थिक विकास आवश्यक

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**जनताको आम्दानीमा वृद्धि भएर ठूलो परिमाणमा प्लास्टिकको बोतलको पानीको माग हुनासाथ सम्बन्धित सेवा (प्लास्टिकको खाली बोतल विसर्जन गर्ने कारखानाहरू) को सङ्ख्यामा वृद्धि हुनुपर्छ । यसरी विकास सन्तुलित, व्यवस्थित र सर्वपक्षीय हुनुपर्दछ ।**

आर्थिक विकास व्यवस्थित एवं सन्तुलित हुनुपर्दछ । अर्को शब्दमा भन्ने हो भने आर्थिक विकास सर्वपक्षीय वा बहुपक्षीय हुनुपर्दछ । कुनै एक वा दुई पक्षमा भएको विकासले उन्नति होइन विनाश ल्याउने गर्दछ। हाम्रो देशमा अहिले त्यही भइरहेको छ। केही क्षेत्रको विकास भइरहेको छ तर बहुपक्षीय विकास हुन सकिरहेको छैन। यो कारणले गर्दा अनेक किसिमका समस्य उत्पन्न भइरहेका छन्। हाम्रो जीवन सरल र स्वस्थ हुनुको सट्टा जटिल र अस्वस्थकर भइरहेको छ । कसरी ?

अहिले हामीले अन्तर्राष्ट्रिय श्रम बजारमा श्रम बिक्री गरेर राम्रो आय आर्जन गरिरहेका छौं । अहिले निम्न आय भएका व्यक्तिहरूको आम्दानीमा पनि वृद्धि भएको छ । उनीहरू पनि मोटरसाइकल खरीद गर्न सक्ने स्थितिमा पुगेका छन् । मध्यम आय भएका व्यक्तिहरूको आम्दानी पनि वृद्धि भएर उनीहरू कार खरीद गर्ने स्थितिमा पुगेका छन्। यसरी जनताको आर्थिक स्थिति, तुलनात्मकरूपमा, पहिलेको भन्दा राम्रो भएर मोटरसाइकल, कार आदिको माग बढेको छ । यसका प्रयोगकर्ताहरूको सङ्ख्या पनि ज्यादै उच्च हुन पुगेको छ। तर अर्कोतिर जुन अनुपातमा जनताको आय वृद्धि भएर मोटरसाइकल र कारहरूको माग वृद्धि भइरहेको छ, प्रयोगकर्ताहरूको सङ्ख्या वृद्धि भइरहेको छ, सोही अनुपातमा सडकको चौडाइ र लम्बाइ एवं सङ्ख्यामा वृद्धि भइरहेको छैन। यसरी भएकै सडकमा सवारीका साधनहरूको चाप अत्यधिक वृद्धि भइरहेको छ । यसले गर्दा सवारीका साधनहरू गुड्न अवरोध मात्र होइन, मानिसहरूको आवागमनमा समेत अवरोध उत्पन्न भएको छ । सवारी दुर्घटनाको सङ्ख्यामा वृद्धि भएको छ । सवारी दुर्घटनामा ज्यान जानेहरूको सङ्ख्या बढेको छ । यस्तो हुनुको मूल कारण सर्वपक्षीय विकास नहुनु हो । जसरी मानिसको आम्दानीमा वृद्धि भइरहेको छ, सवारी साधनहरूको प्रयोगकर्ताहरूको सङ्ख्या वृद्धि भइरहेको छ, त्यसैगरी सडकको चौडाइ, लम्बाइ र सङ्ख्या वृद्धि भएको भए यस्तो स्थिति आउने थिएन। सर्वपक्षीय विकास भएको भए यस्तो हुने थिएन ।

अहिले देशमा रेमिटचान्स राम्रो परिमाणमा भित्रिइरहेको छ। स्वदेशभित्र सञ्चालित व्यापारबाट पनि नेपालीहरूले राम्रो आम्दानी हात पारिरहेका छन्। यसको राम्रो असर वाणिज्य बैंकहरूमा परिरहेको छ। बैंकहरू ठूलो परिमाणमा जनताबाट निक्षेप सङ्कलन गर्न सफल भएका छन् । वाणिज्य बैंकहरू निजी क्षेत्रलाई ठूलो रकम (ऋण) दिन सक्षम भएका छन् ।

निजी क्षेत्र (व्यक्ति वा संस्था) हरूले अहिले ठूलो रकम वाणिज्य बैंकबाट ऋण लिएर ठूल्ठूला एवं अग्ला भवन निर्माण गरिरहेका छन्। अपार्टमेन्ट, पसल एवं होटलको रूपमा ती भवनहरूको प्रयोग भइरहेको छ। तर अर्कोतिर ठूला-ठूला भवनहरूले, ठूलो सङ्ख्यामा त्यहाँ मानिसको बसोवासले गर्दा खानेपानी र प्रयोग गर्ने पानी ठूलो परिमाणमा माग गरिरहेका छन् । त्यही अनुपातमा ती ठूला भवनहरूले ठूलो परिमाणमा फोहर फालिरहेका छन्। उता नगर प्रशासनसँग माग हुने नयाँ पानीको परिमाण कसरी आपूर्ति गर्ने, प्रयोग भएको पानी र फोहर कसरी फाल्ने भन्ने कुनै योजना छैन। यो कारणले गर्दा काठमाडौं, वीरगंज जस्ता ठूलो शहरहरू नराम्ररी फोहर हुने क्रम जारी छ । अस्वस्थकर हुने क्रम जारी छ। शहरहरूमा भीड बढेको छ। बाटाहरू यात्रुहरूले भरिएका छन् ।

बैंकहरूबाट ऋण पाएर अग्ला-अग्ला भवन बनाउन व्यक्तिहरूलाई सजिलो भए जस्तै ती भवनहरूले गर्ने दुवै किसिमको पानीको मागको सरल आपूर्ति ती भवनहरूले फाल्ने फोहरको उचित व्यवस्थापन योजनाबद्ध किसिमले भएको भए त्यस्तो हुने थिएन । अग्ला-अग्ला घरहरूको निर्माण त भयो तर ती घरहरूले गर्ने फोहरको व्यवस्थापन कसरी गर्ने त्यसबारे पहिले नै सोचिएन ।

अहिले जनताको आयमा वृद्धि भएर लगानीकर्ताहरूको सङ्ख्यामा पनि वृद्धि भएको छ । लगानीकर्ताहरू ठूला-ठूला अस्पताल स्थापना गर्न सक्षम भएका छन्। स्वास्थ्य संस्था एवं अस्पतालहरूको सङ्ख्यामा व्यापक वृद्धि भएको छ । अति महँगा स्वास्थ्य उपकरण र औजार खरीद गर्न अस्पतालहरू सक्षम भएका छन् । तर ती स्वास्थ्य उपकरण र औजारहरूले निष्कासित फोहर फाल्ने उचित व्यवस्था छैन। कति अस्पतालसँग फोहर फाल्ने उचित किसिमको व्यवस्था छ ? ती अस्पतालहरूले गर्ने डरलाग्दा हानिकारक विसर्जनहरू कहाँ पुगिरहेका छन्? अपरेशन गरेर काटिएका शरीरका अङ्गहरू (हात, खुट्टा) कहाँ फाल्ने ? हामीसँग कुनै योजना छैन ।

अस्पतालहरू सञ्चालनमा आउनुपूर्व त्यस अस्पतालले गर्ने अति हानिकारक विसर्जन कसरी व्यवस्थापन गर्ने उक्त अस्पतालसँग वा नगर प्रशासनसँग उचित योजना हुनुपर्दछ । अर्थात् अस्पतालको सङ्ख्या वृद्धि हुने मात्र होइन, अस्पतालले गर्ने फोहर फाल्ने संस्थाको सङ्ख्या पनि वृद्धि हुनुपर्दछ ।

अहिले भारतको जनसङ्ख्या १ अर्ब ४० करोड जति छ । कल्पना गरौं, रातारात भारतको आर्थिक स्थिति चमत्कारी किसिमले राम्रो भयो । भारतमा प्रत्येक व्यक्तिले एक एक कार खरीद गरेर प्रयोग गर्न सक्ने स्थिति भयो। अब भनौं, ती सबै कारहरू एकैपटक भारतका सडकहरूमा आएपछि सवारीका साधनहरू सजिलै चल्नेछन् वा अवरुद्ध हुनेछन् ? यहाँ भन्न के खोजेको हो भने जसरी जनताको आयमा वृद्धि हुन्छ, त्यसैगरी उनीहरूले माग गर्ने अनेक सेवा एवं सुविधामा पनि वृद्धि हुनुपर्छ। विकास सर्वपक्षीय हुनुपर्छ । भारतको उदाहरणमा, कारको सङ्ख्या वृद्धि भएर मात्र हुँदैन, सडकहरूको चौडाइ, लम्बाइ र सङ्ख्या पनि वृद्धि हुनुपर्छ ।

जनताको आम्दनी मात्र बढेर हुँदैन। अर्थात् एउटा पक्षको मात्र विकास भएर हुँदैन। जुन अनुपातमा जनताको आम्दानी वृद्धि हुन्छ सोही अनुपातमा सम्बन्धित सेवा र सुविधाको पनि विकास हुनुपर्दछ। जस्तै त्यो बढेको आम्दानीले गर्दा जनताले अनेक किसिमका वस्तु एवं सेवा प्रयोग गर्दा उत्पन्न हुने फोहर आदिको व्यवस्थापनमा पनि ध्यान दिनुपर्छ ।

उपभोक्ताहरूको आय वृद्धि भएर उनीहरूले शुद्ध पानी खरीद गरेर पिउन थाले। प्लास्टिकको बोतलका पानीहरूको माग ठूलो मात्रामा हुन थाल्यो। अब, जसरी प्लास्टिकको बोतलमा रहेको पानीको माग वृद्धि हुन थाल्यो, त्यसैगरी प्लास्टिकका खाली बोतलहरू कसरी विसर्जन गर्ने भनी नगर प्रशासनले सोच्नुपर्दछ। योजना हुनुपर्छ। प्लास्टिकको खाली बोतल विसर्जन गर्ने ठोस योजना निर्माण गर्नुपर्दछ ।

अर्थात् जनताको आम्दानीमा वृद्धि भएर ठूलो परिमाणमा प्लास्टिकको बोतलको पानीको माग हुनासाथ सम्बन्धित सेवा (प्लास्टिकको खाली बोतल विसर्जन गर्ने कारखानाहरू) को सङ्ख्यामा वृद्धि हुनुपर्छ। यसरी विकास सन्तुलित, व्यवस्थित र सर्वपक्षीय हुनुपर्दछ। माथिको उदाहरणमा यदि बोतल विसर्जन गर्ने उचित व्यवस्था गरिएको छैन भने सडक र आँगनमा बोतलको थुप्रो देखा पर्न थाल्छ।

नेपालमा अहिले बहुपक्षीय आर्थिक विकास हुन सकिरहेको छैन। केही सीमित पक्षको मात्र विकास भइरहेको छ। जनताको आम्दानीमा तुलनात्मक वृद्धि त भएको छ, तर सँगसँगै अनेक सुविधा र सेवा प्रदायक संस्थाहरूको सङ्ख्यामा वृद्धि हुन सकिरहेको छैन। यो अति ठूलो चिन्ताको विषय हो। यसले विकास होइन विनाश ल्याउँछ। क्षणिक सुख त दिन्छ तर दीर्घकालीन दु:ख ल्याउँछ ।



पर्साको बहुदरमाई नगरपालिकाको डोकैला बजारमा निर्माण गरिएको कालोपत्र सडक र डिभाइडरको वरपर फोहर फालिएका छन्। डिभाइडरमा वृक्षारोपण गर्ने योजना भए तापनि हालसम्म वृक्षारोपण गरिएको छैन। तस्वीरः राधेश्याम पटेल

# तनहुँमा अङ्गुरखेती : पहिलो वर्ष रु १८ लाखको उत्पादन

तनहुँ, ७ भदौ/रासस

तनहुँको घिरिङ गाउँपालिका-४ स्थित बाऱ्हबिसेमा १८ लाख मूल्य बराबरको अङ्गुर उत्पादन भएको छ । खेती शुरू गरेको पहिलो वर्षमैं उद्यमी कुमार कार्कीले सो मूल्य बराबरको अङ्गुर उत्पादन गरेका हुन्। गत वर्ष ७० रोपनी जग्गा खरीद गरेर उनले व्यावसायिक अङ्गुरखेती थालनी गरेका थिए ।



'भाइन यार्ड एन्ड रिसर्च सेन्टर' फार्म स्थापना गरी शुरूमा रु एक करोड ५० लाख लगानी गरेको सञ्चालक कार्कीले जानकारी दिए। "नौ हजार किलोग्राम अङ्गुर उत्पादन भएको छ," उनले भने, "बजारको मूल्यअनुरूप प्रतिकिलो रु दुई सयका दरले उक्त मूल्यको अङ्गुर उत्पादन भएको हो ।" उक्त क्षेत्रमा करीब नौ हजार पाँच सय बिरुवा रोपिएको उनले बताए ।

कम्पनीले वार्षिक १० हजार किलो अङ्गुर उत्पादन गर्ने लक्ष्य राखेकोमा लक्ष्यको नजीकनजीक पुग्न सफल भएको उनले बताए। जिल्लामा उत्पादन भएका सबै अङ्गुरबाट वाइन उत्पादन गर्नका लागि धादिङमा पठाइएको छ, उनले भने, कम्पनीले ७५० एमएलको बोतलमा तीन प्रकारका वाइन उत्पादन गरिरहेको छ ।

धादिङको थाँक्रे गाउँपालिका-१० जुडेखोला केवलपुरमा विगत १५ वर्षदेखि तीन सय रोपनी क्षेत्रफलमा तीस हजार बिरुवा लगाएर व्यावसायिक अङ्गुरखेती गरी वाइन उत्पादन गर्दै आएको छ । कम्पनीले धादिङमा रु ३८ करोड ५० लाखको लागतमा अङ्गुरखेती र वाइन उत्पादन गर्दै आएको हो। वाइन बजारमा प्रतिबोतल रु एक हजार दुई सयमा बिक्री गरिरहेको छ ।

"हामीसँग हाल वार्षिक तीन लाख लिटर वाइन उत्पादन गर्ने क्षमता छ," उनले भने, "यसले पनि अङ्गुरखेतीलाई प्रोत्साहन गरेको छ ।" वर्षमा एकपटक अङ्गुर फल्ने भएकोले अन्य समयमा फार्ममा रेखदेख, गोडमेल, काँटछाँट र बिरुवा मरेका ठाउँमा नयाँ बिरुवा लगाउनेलगायतका कार्य गर्ने गरिएको छ । फार्ममा विभिन्न ३२ प्रजातिका अङ्गुरखेती गरिए पनि आठदेखि १० प्रजातिका अङ्गुरले मात्रै राम्रो उत्पादन दिएको कार्कीले बताए ।

फार्ममा हारियोमा सुजी, कायाबिनेट क्यान्टर, मनाज, सोबिनियन ग्रीस तथा खानका लागि फन्नी, सोफिया, आरकडिया, पोलिस्की, दुचबा, चालिचमानलगायतका जातका अङ्गुर रहेका छन् । अङ्गुरको बोटमा चैत, वैशाखमा फूल फुल्छ भने त्यसपछि तीन महीनामा फल टिप्न तयार हुने फार्ममा कार्यरत प्राविधिक सान्नानी तामाङले बताइन्। फागुनदेखि फूल खेल्ने र असार पहिलो सातासम्म फल टिप्न सकिनेछ। फार्ममा दैनिक ज्यालादारीमा आवश्यकता अनुरूप स्थानीय मानिसले प्रत्यक्ष रोजगार पाउने गरेका छन् ।

धादिङमा भएको फार्मका लागि बागमती प्रदेश बिग फार्म शीर्ष अन्तर्गत १२ फार्ममा पर्न सफल भई रु ५५ लाख अनुदानसमेत प्राप्त गरिसकेको सञ्चालक कार्कीले बताए। घिरिङको माटोमा अङ्गुर उत्पादन राम्रो हुने भएपछि किसानलाई पनि खेतीतर्फ प्रोत्साहन गर्न पालिकासँग समन्वय भइरहेको कृषि शाखा अधिकृत रवि रामदामले बताए ।

यस क्षेत्रको हावापानी र माटो अङ्गुरखेतीका लागि उपयुक्त मानिएकाले किसानलाई यसतर्फ आकर्षित गराउन लागिएको सो गाउँपालिकाले जनाएको छ ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२


माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## फुकुसिमा आणविक ऊर्जा केन्द्रबाट पानी प्रवाह शुरू

नामी, ७ भदौ/एएफपी

चीन र कोरियाको चर्को विवादका बावजूद जापानले फुकुसिमा आणविक ऊर्जा केन्द्रबाट प्रशोधित रेडियोधर्मी पानी प्रशान्त महासागरमा प्रवाह गरेको छ।



जापानले फुकुसिमा आणविक ऊर्जा केन्द्रको प्रशोधित रेडियोधर्मी पानी खसाल्ने प्रशान्त महासागरको तट। तस्वीरः एएफपी

लगभग ५४० वटा ओलम्पिक पौडी पोखरीमा हुने बराबरको प्रशोधित पानी प्रशान्त महासागरमा आजदेखि प्रवाह गरिएको जनाउँदै जापानले त्यो सुरक्षित रहेको दाबी गरेको छ।

सन् २०११ को सुनामीपछि बिग्रिएका आणविक रिएक्टरहरूलाई चीसो पार्न प्रयोग गरिएको उक्त परिमाणको सबै पानी समुद्रमा विसर्जन गर्न १७ दिन लाग्ने जापानी वैज्ञानिकहरूले बताएका छन्।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए)को स्वीकृतिमा पानी प्रवाह गरिएको हो। आइएइएएका सुपरीवेक्षकहरू आणविक केन्द्रको जलप्रवाहस्थलमा बस्ने र उनीहरूले केन्द्रबाट महासागरमा प्रवाह भएको पानी र माछाको नमूना सङ्कलन गर्नेछन्।

जापानले ट्रिटियमबाहेक सबै रेडियो एक्टिभ तत्त्वलाई प्रशोधन गरिएको बताएको छ। ती तत्त्वलाई पानीबाट हटाउन सकिंदैन। हाइड्रोजन आइसोटोप पनि प्रवाह गरिएको छ।

आइएइएले आणविक केन्द्रको दूषित पानी प्रशोधन गरी सुरक्षितरूपमा महासागरमा प्रवाह गर्ने जापानको योजनाले स्वास्थ्य र वातावरणमा प्रभाव नगण्य हुने भन्दै गत महीना जापानी प्रस्तावलाई अनुमोदन गरेको भएपनि त्यसको निरन्तर विरोध भइरहेको छ।

चीन र दक्षिण कोरियाले जापानको उक्त कदमलाई अत्यन्त स्वार्थी भन्दै त्यसको कटु आलोचना गरेका छन्। उनीहरूले महासागर कुनै पनि देशको फोहर विसर्जन गर्ने स्थल नभएको बताएका छन्।

"समुद्र सम्पूर्ण मानवजातिको साझा सम्पत्ति हो र फुकुसिमाको आणविक फोहर पानीलाई जबरजस्ती समुद्रमा मिसाउनु अन्तर्राष्ट्रिय सार्वजनिक हितको बेवास्ता गर्ने अत्यन्त स्वार्थी र गैरजिम्मेवारपूर्ण कार्य हो," चीनको विदेश मन्त्रालयले एक विज्ञप्ति निकालेर भनेको छ।

यसअघि चीन, मकाउ र हङकङले फुकुसिमा र टोकियो वरपरबाट जापानी समुद्री उपज आयातमा प्रतिबन्ध लगाएर विकिरण अनुगमनलाई तीव्र पारेका थिए। हङकङका प्रमुख कार्यकारी जोन लीले जलप्रवाहलाई गैरजिम्मेवार कदम भनेका छन्। वैज्ञानिकहरूले पानी प्रवाहबाट कुनै समस्या नहुने बताए तापनि सार्वजनिक चिन्ताका बीच दक्षिण कोरियाले पनि फुकुसिमाबाट माछा र खाद्यान्नको आयातमा प्रतिबन्ध लगाएको छ। दक्षिण कोरियाको मुख्य विपक्षी पार्टीले उक्त कदमविरुद्ध मैनबत्ती बालेर राजधानी सोलमा विरोध प्रदर्शन गरेको छ। सोलस्थित जापानी दूतावासमा पनि विरोध प्रदर्शन भएको छ। प्रदर्शनकारी युवाको एउटा समूह दूतावास रहेको आठौं तलामा पुगेको थियो। त्यहाँ प्रवेश गरेका १४ जना प्रदर्शनकारीलाई हिरासतमा लिइएको छ।

सन् १९८६ मा भएको चेर्नोबिल दुर्घटनापछि फुकुसिमा आणविक केन्द्र दुर्घटना विश्वकै दोस्रो भयानक विपत्ति हो। सुनामीसँगै भएको नौ रिक्टर स्केलको भूकम्पमा परी उत्तरपूर्वी जापानका २० हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो। रासस

## वाग्नर प्रमुखसहित १० जनाको शव फेला

मस्को, ७ भदौ/एएफपी

दुर्घटनाग्रस्त एम्ब्रेर लिगेसी जेटमा रहेका वाग्नर प्रमुख येभगेनी प्रिगोजिनसहित सबै १० यात्रीको शव फेला परेको रूसी आपत्कालीन सेवाले बिहीवार जनाएको छ। हिजो प्रिगोजिनको मृत्युको खबर सुनेपछि धेरै रूसी अचम्ममा परेका थिए। प्रिगोजिनले दुई महीनाअघि असफल विद्रोह शुरू गरेर राष्ट्रपति भ्लादिमिर पुटिनलाई चुनौती दिएका थिए। प्रिगोजिनसमेत सवार उक्त जेट समस्याका कुनै सङ्केत नै नदेखाइ अचानक खसेको फ्लाइट ट्र्याकिङ डेटामा देखिन्छ। त्यसपछि करीब ३० सेकेन्डमा उक्त जेट २८ हजार फिटको उचाइबाट आठ हजार फिटभन्दा तल खसेको थियो।

नागरिक उड्डयन प्राधिकरणका अधिकारीका अनुसार उनीहरूको ध्यान अहिले दुर्घटनाको कारण पत्ता लगाउनेतर्फ केन्द्रित भएको छ। प्राधिकरणले दुर्घटना अनुसन्धान गर्न विशेष आयोग गठन गरेको छ। प्रहरीले दुर्घटनास्थल वरपरको क्षेत्रलाई 'सिल' गरेको छ। रासस

## मधुशालामा गोली चल्दा चारजनाको मृत्यु

लस एन्जल्स, ७ भदौ/एएफपी

अमेरिकाको क्यालिफोर्निया राज्यको एक मधुशालामा एकजना बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा तीनजनाको मृत्यु हुनका साथै अन्य छजना घाइते भएका प्रहरीले जनाएको छ।

घटनामा गोली चलाउनेको पनि मृत्यु भएको छ। गोली हानाहान भएका बेला सरकारी अधिकारी पनि भएकाले आक्रमणकारी पनि मारिएको बताइएको छ। घटनामा कुनै पनि सरकारी अधिकारी घाइते भएका छैनन्।

"घटनास्थलमा चारजनाको मृत्यु भएको पुष्टि भएको छ, गोली हान्ने व्यक्ति पनि मारिएको छ। घाइते छजनालाई अस्पतालमा लगिएको छ," ओरेन्ज काउन्टीका शेरिफले सामाजिक सञ्जालमा भनेका छन्। स्रोतलाई उद्धृत गर्दै ओरेन्ज काउन्टीले घरायसी विवादका कारण घटना भएको बताएको छ। वारुणयन्त्र विभागका वरिष्ठ अधिकारी ब्रायन फेनेसीले घाइतेमध्ये दुईजनाको अवस्था गम्भीर रहेको बताएका छन्।

बन्दुक हिंसाबाट संयुक्त राज्य अमेरिका आक्रान्त भएको छ। बन्दुक आक्रमणमा परी यो देशमा हरेक वर्ष हजारौंले ज्यान गुमाउँदै आएका छन्। आजको गोलीकाण्ड लस एन्जल्सबाट करीब ७० किलोमिटर दक्षिणपूर्वमा रहेको कुकस कर्नर बारमा भएको हो। यो स्थान 'बाइकर'हरूको लागि लोकप्रिय मानिन्छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – व्यापारवृद्धि |
| मिथुन – शत्रुपराजय | कर्कट – सुसमाचार |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – अतिथिआगमन | वृश्चिक – सुयश |
| धनु – खर्चवृद्धि | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे









**माल सामग्री बोकेका कन्टेनरः** रसुवाको टिमुरे भन्सार हातामा राखिएको चीनबाट आयात गरिएका माल सामग्री बोकेका कन्टेनर। भोटेकोशी नदीमा ड्याम बाँधेपछि चीनबाट आयात गरिएका माल सामग्री बोकेका कन्टेनर राख्न वर्षायाममा समेत सुरक्षित महसूस हुन थालेको छ। तस्वीरः रासस

## सामुदायिक विद्यालयमा शिक्षासँगै सीप कार्यक्रम

सर्लाही, ७ भदौ/रासस

सर्लाहीको बाग्मती नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयले शिक्षासँगै सीप र स्वरोजगारमूलक कार्यक्रम सुरुआत गरेका छन्।

'सीपविनाको शिक्षा ज्योतिविनाको आँखा' जस्तै हुने जनाउँदै बाग्मतीका सामुदायिक विद्यालयले शिक्षासँगै सीप र स्वरोजगारमूलक कार्यक्रम शुरू गरेको जनजागरण माविका प्रधानाध्यापक बद्रीप्रसाद पोखरेलले बताए। उनका अनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालन भएका विद्यालयले पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत पशुपालन तथा कृषिजन्य पदार्थको उत्पादनमा विद्यार्थीलाई जोडेका छन् भने अन्य विद्यालयले आफैंले नयाँ खालका सीप विकासका कार्यक्रम सञ्चालन गरेका हुन्।

सो कार्यक्रम अन्तर्गत कुखुरा तथा खसी पालन, तरकारी तथा फलफूल उत्पादनका साथै च्याउ उत्पादन गर्ने कार्यक्रम सञ्चालन भइरहेका र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम लागू हुन बाँकी रहेका विद्यालयमा गमला बनाउने, पातका टपरी बनाउने, सिलाइकटाइ लगायतका सीप विकास र अर्थोपार्जनका कार्यक्रम शुरू गरिएको बाग्मती नगरपालिकाको शिक्षा शाखा प्रमुख मीनप्रसाद उपाध्यायले जानकारी दिए। उनका अनुसार सैद्धान्तिक शिक्षाले मात्र बालबालिकालाई दक्ष बनाउन नसकिने भएकाले सीप र स्वरोजगारसहितको व्यावहारिक शिक्षामा बाग्मती नगरपालिकाभित्र रहेका माविस्तरका सामुदायिक विद्यालयले चासो राखेका हुन्।

सोही कार्यक्रम अन्तर्गत रहेको पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत केही विद्यालयमा यस्ता कार्यक्रम सञ्चालन भएका छन्। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालन नभएका विद्यालयले आन्तरिक व्यवस्थापनमा स्वरोजगारमूलक तथा सीपमूलक कार्यक्रम शुरू गरेका नगर शिक्षा शाखाका ओमबहादुर कार्कीले बताए।

जनवाल कल्याण माविले पहिलो चरणमा कक्षा ६ देखि १० सम्मका इच्छुक १५ जना विद्यार्थीलाई शिक्षासँगै सीप र आयआर्जनमा जोडेको प्रधानाध्यापक प्रकाशबहादुर जिम्वाले बताए। जनवाल कल्याण माविले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि पटकपटक फाराम भरेको भएपनि स्वीकृत नभएपछि विद्यालयले आफ्नै पहलकदमी र आन्तरिक व्यवस्थापनमा सीपमूलक कार्यक्रम शुरू गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टङ्कबहादुर बोहराले बताए। उनका अनुसार छात्रछात्रालाई सिमेन्टेड गमला निर्माण गर्न सिकाउन थालिएको हो।

विद्यालयका छात्रछात्राले तयार गरेको गमला गाउँघरमा बिक्री वितरण गरिने र बाँकी रहे नगरपालिकाको समन्वयमा बजार व्यवस्थापन गर्ने आश्वासन शिक्षा शाखा प्रमुख उपाध्यायले बताए।

यस किसिमको अध्ययन–अध्यापनले विद्यार्थीलाई व्यावहारिक ज्ञान र सीप प्राप्त गर्न सहज हुनुका साथै उनीहरूले पढ्दै कमाउँदै गर्दा आम्दनीसमेत गरिरहेका बाग्मती नगरपालिकाका उपप्रमुख लीलाकुमारी मोक्तानले बताइन्। गरीबका छोराछोरी पढ्ने सामुदायिक विद्यालयमा कापीकलमसमेत किन्न नसक्ने अवस्थाका अभिभावकलाई यस प्रकारका कार्यक्रम सञ्चालन हुँदा निकै राहत मिल्ने उनको भनाइ छ।

नगरपालिकाले योजना नै बनाएर नगरको शिक्षाको गुणस्तर सुधार गर्नुका साथै विद्यार्थीलाई सीप र आयआर्जनसँग जोड्ने काम शुरू गरेको बाग्मती नगरपालिकाका प्रमुख भरतकुमार थापाले बताए। उनका अनुसार कोरा किताबी ज्ञानले सीप नसिकाउने र सीप नसिके आयआर्जन नहुने हुँदा नगरका हरेक मानिसलाई आफ्नो क्षमता अनुसारको आयआर्जनमा जोड्ने योजना नगरपालिकाले बनाएको छ।

## तीनपटक म्याद थप्दा पनि बनेन भगवानपुर सबस्टेशन

गोलबजार (सिराहा), ७ भदौ/रासस

सिराहाको भगवानपुर गाउँपालिकामा निर्माणाधीन नेपाल विद्युत् प्राधिकरणको सबस्टेशन निर्माण सम्पन्न भएको छैन। हालसम्म ७७ प्रतिशत मात्र काम भएको छ।



नेपाल विद्युत् प्राधिकरण, मधेस प्रदेश प्रादेशिक कार्यालय, जनकपुरधामसँग भगवानपुर सबस्टेशन निर्माण कार्य गर्न ठेक्का पाएको निर्माण कम्पनी मुडभरी एन्ड जोशी आरके इन्टरनेशनल अनामनगर, काठमाडौंको ढिलासुस्तीले सबस्टेशन निर्माणमा ढिलाइ भएको हो। सरकारको सिङ्गल प्याकेज आयोजना अन्तर्गत निर्माण भइरहेको सबस्टेशनको भवन, ट्रान्सफर्मर जडान विद्युतीय पोल सबै एउटै निर्माण कम्पनीको जिम्मा रहेको मधेस प्रदेश प्रादेशिक कार्यालय, जनकपुरधामका कार्यालय प्रमुख मुनिन्द्र ठाकुरले बताए।

विसं २०७४ असोज ६ गतेदेखि कार्य शुरू गर्ने सम्झौता भई १८ महीनामा निर्माण कार्य सक्नुपर्नेमा तेस्रोपटक २०८० असोजसम्म समय थपिए पनि निर्माण हुने स्थिति छैन। निर्माण कम्पनीका प्रतिनिधि हृदय सिंहका अनुसार एक हप्ताभित्रै पुनः भगवानपुर सबस्टेशन निर्माण कार्य अघि बढाइने बताए।

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र लहानका प्रमुख हिमांशु यादवले लामो दूरीका कारण हावाहुरीको समयमा विद्युत् प्रसारणमा समस्या हुने गरेको बताए। उनले भने, "स्थानीयले ३३ हजार केभीको लाइनका लागि पोल गाड्न ठाउँठाउँमा अवरोध सिर्जना गरेकाले काम समयमैं हुन नसकेको हो।" लहान वितरण केन्द्र अन्तर्गत हाल ७० हजार ग्राहक रहेका छन्।

गर्मीको समयमा लाइन आउनेजाने हुने, भोल्टेजको समस्या देखा पर्ने भएकाले भगवानपुर सबस्टेशन बनेपछि यस्ता समस्या समाधान हुने बताइएको छ। प्रादेशिक कार्यालय, जनकपुरधामका इन्जिनीयर शम्भुकुमार मण्डलले लहानदेखि ३७६ वटा पोल गाड्नुपर्ने बताए। हाल पोल गाड्ने काम भइरहेको उनको भनाइ छ। उक्त सबस्टेशन रु १९ करोड ४० लाखको लागतमा निर्माण भइरहेको छ।

### शनिवारदेखि...

आंशिकदेखि सामान्य बदली रही गण्डकी, बाग्मती, मधेस र कोशी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ।

कोशी, बाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चटयाङहित भारी वर्षा भएको छ।

साथै रातिको समयमा कोशी, मधेस बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चटयाङसहित भारी वर्षाको समेत सम्भावना छ। शुक्रवार दिउँसो देशभर बदली रही कोशी, बाग्मती र लुम्बिनी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। कोशी, गण्डकी र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा शनिवार पनि कोशी, मधेस, बाग्मती र गण्डकी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चटयाङसहित भारी वर्षाको सम्भावना छ।



**कागको माया:** अन्य चराहरूमध्ये कागको तस्वीर खिच्न निकै गाऱ्हो हुन्छ। एकअर्कामा भलाकुसारी, माया प्रेम गर्दै काग। मान्छेलाई प्रेम साटासाट गर्न घर, होटल, रेस्टुरेन्ट आदि स्थान हुन्छन् तर पक्षीहरू रूखमैं बसेर माया साटासाट गर्छन्। तसर्थ रूख नमासौं। वनसम्पदाको उचित संरक्षण गरौं। आफू पनि रमाऔं र अरूलाई पनि रम्न दिऔं। शब्दचित्र: जीतलाल श्रेष्ठ

# मधेसमा कुल क्षेत्रफलको ८२.५८ प्रतिशतमा धान रोपाइँ

नितेश कर्ण, वीरगंज, ७ भदौ/

मधेस प्रदेशका आठवटै जिल्लामा अहिलेसम्म ८२.५८ प्रतिशत धान रोपाइँ भएको छ। गत आर्थिक वर्षमा यो अवधिमा ९७ प्रतिशत धान रोपाइँ भइसकेको थियो।

मधेस प्रदेशका कृषि विकास निर्देशनालयको अनुसार यो वर्ष अहिलेसम्म सबैभन्दा बढी ९८ प्रतिशत धान रोपाइँ बारा जिल्लामा भएको छ भने सबैभन्दा कम महोत्तरीमा ६५ प्रतिशत धान रोपाइँ भएको छ।

बारामा धान रोपाइँ हुने कुल क्षेत्रफल ४६ हजार २० हेक्टर रहेकामा त्यसमा हालसम्म ४५ हजार ९९.६ हेक्टरमा धान रोपाइँ भइसकेको निर्देशनालयले जनाएको छ।

त्यसैगरी, पर्सामा धान रोपाइँ हुने कुल क्षेत्रफल ४७ हजार १३० रहेकामा त्यसमा ४५ हजार ७१६.१ हेक्टर (९७ प्रतिशत)मा धान रोपाइँ भइसकेको छ। रौतहटमा कुल क्षेत्रफल ३५ हजार हेक्टरमध्ये ३३ हजार छ सय (९६ प्रतिशत), सर्लाहीमा कुल क्षेत्रफल ४६ हजार हेक्टरमध्ये ३३ हजार ६ सय (७३ प्रतिशत), धनुषा जिल्लामा कुल क्षेत्रफल ५८ हजार हेक्टरमध्ये ४० हजार ६ सय (७० प्रतिशत)मा धान रोपाइँ भएको निर्देशनालयले जनाएको छ।

त्यसैगरी, सिराहामा कुल क्षेत्रफल ५४ हजार हेक्टरमध्ये ३७ हजार आठ सय (७० प्रतिशत)मा धान रोपाइँ भइसकेको छ। सप्तरीमा कुल क्षेत्रफल ६८ हजार हेक्टरमध्ये ६१ हजार दुई सय हेक्टर (९० प्रतिशत)मा धान रोपाइँ भइसकेको निर्देशनालयको तथ्याङ्कमा उल्लेख छ।

यसरी मधेस प्रदेशमा धान रोपाइँ हुने कुल क्षेत्रफल चार लाख एक हजार ६५० हेक्टरमध्ये हालसम्म तीन लाख ३१ हजार ६९०.७ हेक्टर (८२.५८ प्रतिशत) धान रोपाइँ भइसकेको कृषि विकास निर्देशनालयले जनाएको छ। यस वर्ष समयमा पानी नपर्दा धान रोपाइँ ढिलो भएको निर्देशनालयका सूचना अधिकारी रामकलेश साहले जानकारी दिए।

**ड्राइपोर्ट भन्सारमा ...**

नमिल्ने व्यवस्था छ। तर पछिल्लो आठ महीनादेखि मूल्य घटेको कोइला भारतबाट प्रतिकिलो भारु ८ मा आयात गरिएको थियो। अर्थात् टनको भारु ८ हजार परेको थियो।

लतिका कमोडिटी सप्लायर्स, काठमाडौंले भारतको झारखण्डको धनबादबाट ५९ वटा वागनमा तीन हजार ६५० टन कोइला गत असार १६ गते पहिलोपटक रेलमार्गबाट वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाहमा भित्र्याएको थियो। तर जाँचपासमा सन्दर्भ मूल्यको विवादले उक्त कोइला थन्किएको थियो।

बुधवारदेखि कोइला टिपरबाट आयातकर्ताको गोदाममा भण्डारण भइरहेको प्रिस्टिन भ्याली ड्राइपोर्ट प्रालिका प्रमुख अपरेशन अधिकृत अतुल शर्माले बताए। उनले करीब सयभन्दा बढी टिपर कोइला भन्सार यार्डबाट गोदाममा लगिएको बताए।

नेपालमा वार्षिक २५ देखि ३० लाख टन कोइला आयात हुन्छ, ठूला आयातकर्ता पाँचदेखि छको सङ्ख्यामा छन्। आयातित कोइलामध्ये ७५ प्रतिशत सिमेन्ट उद्योग, २० प्रतिशत ईंटा उद्योग र पाँच प्रतिशत फलाम उद्योगले खपत गर्छन्। सिमेन्ट उद्योगले कच्चा पदार्थको रूपमा कोइला प्रयोग गर्छन्। ईंटा र फलाम उद्योगले भट्टी तताउन कोइला प्रयोग गर्छन्।

कोइला सामान्य अवस्थामा दक्षिण अफ्रिका, इन्डोनेशिया, अमेरिका, रूस आदि मुलुकबाट आयात हुने गरेकामा हाल भने भारतीय कोइला सस्तो भएकोले भारतबाटै आयात भइरहेको छ। सामान्य अवस्थामा वीरगंज नाकाबाट मासिक एक लाखदेखि सवा लाख टन कोइला आयात हुँदै आएको छ। तर पछिल्लो केही महीनायता कोइलाको आयात घटेर मासिक करीब ७२ हजार टनमा झरेको छ।

पहिले रक्सौल रेलवे यार्डमा मालगाडीबाट कोइला ल्याएर अनलोड गरेपछि टिपरमा नेपाल ढुवानी गर्नुपर्ने बाध्यता थियो भने अहिले सोझै रेलमार्गबाट भारत तथा तेस्रो मुलुकबाट लुज कार्गो ल्याउन सकिने पूर्वाधार तयार भइसकेको छ।

# ठक्करबाट महिलाको मृत्यु, स्थानीयद्वारा ट्रकमा आगजनी

प्रस, रौतहट, ७ भदौ/

सडक दुर्घटनामा एकजना महिलाको मृत्यु भएपछि स्थानीयहरूले ट्रकमा आगजनी गरेका छन्।

चन्द्रपुर नगरपालिका-१ बाग्मती क्षेत्रमा ट्रकको ठक्करबाट घाइते भएकी महिलालाई सो ट्रकका चालकले जानाजान ब्याक गरी हत्या गरेको आरोप लगाउँदै आक्रोशित स्थानीयले ट्रकमा आगजनी गरेका हुन्।

पूर्वतर्फ जाँदै गरेको ना.५ख १५०० नम्बरको मालवाहक ट्रकले चन्द्रपुर-१ की ५५ वर्षीया विमलाकुमारी मगरलाई बिहीवार दिउँसो ठक्कर दिएको थियो।

ट्रकका चालक फरार छन् भने सहचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। आगजनी भएको ट्रकको आगो निभाउन गएको चन्द्रपुर नगरपालिकाको वारुणयन्त्रलाई समेत स्थानीयले तोडफोड गरेका छन्।

चन्द्रपुर नगरपालिकाको ना.१ झ ६८८ नम्बरको वारुणयन्त्रलाई निशाना बनाएर ढुङ्गामुढा गर्दा चालक कुमार बस्नेतको आँखामा चोट लागेको इलाका प्रहरी कार्यालय, चन्द्रपुरले जनाएको छ।

दोषी ट्रक चालकलाई हदैसम्मको कारबाहीको माग राख्दै पीडित परिवार र स्थानीयले केही समय राजमार्ग अवरुद्ध गरेका थिए।

# बसले ठक्कर दिंदा मोटरसाइकल चालकको मृत्यु

जलेश्वर, ७ भदौ/रासस

महोत्तरीको जलेश्वर-जनकपुर सडकखण्डको परिकौली चोमा बिहीवार बिहान साढे ११ बजे सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ।

जनकपुरको मिथिला इन्स्टिच्युट अफ टेक्नोलोजी (मिट) क्याम्पसबाट विद्यार्थी बोकेर जलेश्वर आउँदै गरेको बा.२ख १५३६ नम्बरको बसले जलेश्वर नगरपालिका-९ स्थित परिकौली चोकमा ज.८प ९२६७ नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकल चालक जलेश्वर नगरपालिका-९ परिकौलीका ३५ वर्षीय सन्तोष यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले बताए।

लोक सेवा आयोग जलेश्वरमा कार्यालय सहयोगी भई काम गर्दै आएका यादव कार्यालयको कामले जनकपुर जाँदै गर्दा दुर्घटनामा परेको प्रहरीको भनाइ छ। बसको ठक्करबाट गम्भीर घाइते भएका यादवलाई उपचारका लागि प्रादेशिक अस्पताल जलेश्वरमा पुऱ्याएको थियो। अस्पताल पुग्ने बित्तिकै चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

यादवको शव शल्यपरीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वरमैं राखिएको छ। ठक्कर दिने बस र मोटरसाइकलाई प्रहरीको नियन्त्रणमा लिइएको छ भने बसका चालक फरार रहेको प्रहरीले जनाएको छ।

# शिक्षक महासङ्घ पर्साको बैठक



तस्वीर: प्रतीक

प्रस, वीरगंज, ७ भदौ/

नेपाल शिक्षक महासङ्घ, पर्साको दोस्रो बैठक सम्पन्न भएको छ। बैठकले महासङ्घ पर्सा अध्यक्ष तीर्थराज यादवको संयोजकत्वमा जिल्ला समितिका पदाधिकारी, सदस्य एवं १४ वटै पालिकाका महासङ्घ अध्यक्ष सदस्य रहने गरी आन्दोलन परिचालन समिति गठन गरेको छ।

अध्यक्ष यादवले सहभागीहरूलाई आगामी दिनमा हुने आन्दोलनको लागि तैयारी गर्न आह्वान गरेका छन्।

# सालको काठसहित दुईजना पक्राउ



तस्वीर: प्रतीक

नरेश यादव, पर्सागढी ७ भदौ/

सालको गोलियासहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ।

पर्सागढी नगरपालिका-३ को झबराहाबाट दुईवटा साइकलमा लोड गरिएको छ क्युफिट सालको गोलियासहित वडा नं ३ बिरुवा बस्ने बिगा माझी र रामपाल माझीलाई इलाका प्रहरी कार्यालय, पटेर्वासुगौली र प्रहरी चौकी बडनिहारको गस्ती टोलीले पक्राउ गरेको जनाइएको छ।

पक्राउ परेका दुवैजनालाई सबडिभिजन वन कार्यालय, मधुवन मथवल बडनिहारमा पठाइएको छ भने गोलिया र साइकल प्रहरी चौकी बडनिहारमा राखिएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताए।

# छात्रवृत्ति वितरण



तस्वीर: सौजन्य

प्रस, वीरगंज, ७ भदौ/

सिद्धार्थ माविका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरिएको छ।

छात्रवृत्ति वितरण गर्दै उपप्रमुख इम्तियाज आलमले विद्यार्थीलाई अध्ययनमा मन लगाइ जीवनको लक्ष्य हासिल गर्न आग्रह गरे। उनले छात्रवृत्तिले दलित तथा विपिन्न परिवारका छोराछोरीलाई केही भएपनि सहयोग पुगेको बताए। उनले छात्रवृत्ति वितरण प्रक्रिया पारदर्शी हुनुपर्ने बताए।

विद्यालय व्यवस्थापन समितिका सदस्य श्याम पटेलको अध्यक्षतामा भएको कार्यक्रममा शिवशङ्कर पटेल, प्रधानाध्यापक रामेश्वर पाण्डे, विशेश्वरप्रसाद कुर्मी, बाबुनन्द पटेल, धर्मराज यादव, शेषकुमार हजरालगायतको सहभागिता थियो।

# लागूऔषधविरुद्ध सचेतनामूलक पर्चा वितरण



तस्वीर: सौजन्य

प्रस, वीरगंज, ७ भदौ/

ग्रीनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगर र जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साको संयुक्त आयोजनामा वीरगंज महानगरपालिका-१० लोहारपट्टी चोकमा लागूऔषधसम्बन्धी जनचेतनामूलक कार्यक्रम भएको छ।

ग्रीनसिटीका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा भएको कार्यक्रममा सचेतनामूलक पर्चा वितरण गरिएको थियो। कार्यक्रममा प्रहरी हवलदार प्रेम राम, प्रहरी सहायक हवलदार चन्द्रप्रसाद कुशवाहा, भगवान दत्त मण्डल, प्रहरी जवान विवेक पाण्डेयलगायतले सचेतनामूलक पर्चा वितरण गरेका थिए।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



## डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्छ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडो छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेला झुल लगाएर सुतौं।
- अँध्यारा कुनाकाप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एकपटक एयर कुलर, पानीट्याङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड